जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com




छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



माओवादी नेतृत्वमा ऐतिहासिक कामहरू... पृष्ठ ५ मा





वर्ष २६ •अंक १७५ • २०८१ साल मंसिर ०६ गते विहीबार (21 November, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-


## लहसुनको तस्करी बढ्यो, ट्रक बरामद

टुडे समाचारदाता

जनकपुरधाम। भारतबाट नेपालमा सुन तस्करी भइरहेको बेला नेपालबाट लहसुनको तस्करी बढेको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाए अनुसार भारत तर्फ जान लागेको ट्रकको जाँच गर्ने क्रममा साढे नौ क्विन्टल लहसुन बरामद भएको हो।

प्रहरीले सोमवार नै लहसुन सहितको ट्रक नियन्त्रणमा लिए पनि बुधवार मात्र सार्वजनिक गरेको हो।बरामद गरिएको लहसुन र ट्रकको मुल्यांकनगरी आवश्यक कारबाहीका लागि भन्सार कार्यालयमा पठाइएको छ।

लहसुन लोड भएको ट्रकलाई सीमावर्ती क्षेत्र ब्रम्हपुरीबाट प्रहरीले नियन्त्रणमा लिएको थियो।सर्लाही जिल्लाको ब्रम्हपुरी गाउँपालिका वडा नम्वर ५ को सखुअवा टोल स्थित नेपाल भारत सीमाक्षेत्रबाट प्रदेश ०२-०४-००१ ख ००६९ नम्वरको ट्रकलाई चेकजाँच गर्ने क्रममा नक्कली बिलबिजक भएको र साढे नौ टन लहसुन लोड भएको फेला परेको प्रहरीले जनाएको छ ।

बरामद गरिएका लहसुनको बजार मूल्य १९ लाख र ट्रकको २१ लाख गरी ४० लाख मूल्य कायम गरेर आवश्यक कारबाहीका लागि मलंगवा भन्सार कार्यालयमा दाखिला गराइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डिएसपी दिपक श्रेष्ठले जनाएका छन्।



यसैगरि पर्साको बिन्दवासिनी गाँउपालिका वडा नम्बर ३ झौवाँ गाँउबाट सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले भारी परिमाणमा लहसुन बरामद गरेको छ। भारतमा तस्करी गर्नका लागि सीमा नाकामा पर्ने झौवाँ गाँउस्थित योगेन्द्र यादवको कुखुरा फर्ममा भण्डारण गरेर राखिएको अवस्थामा १ सय २ बोरा लहसुन बरामद गरिएको हो।

विशेष सूचनाको आधारमा सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट र प्रहरी चौकी अमरपट्टीबाट खटिएको प्रहरीको संयुक्त टोलीले १७ क्वीन्टल ८० किलो लहसुन बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डीएसपी दीपक भारतीले जनाए । उनका अनुसार, बरामद लहसुनको बजार मूल्य ४ लाख ८० हजार ६ रुपैयाँ रहेको छ।

### भ्रष्टाचार विरुद्ध आजपाको मधेश यात्रा

## चोर जस्तै घुसखोरलाई र बलात्कारी जस्तै भ्रष्टाचारीलाई भाटा हान्नुपर्छ : साह

टुडे समाचारदाता

वीरगञ्ज। पूर्व माओवादी नेता रहेका आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले कारबाहीको पुरानै शैली अपनाउन आह्वान गरेका छन्।

'घुसखोरलाई चोर जस्तै र भ्रष्टाचारीलाई बलात्कारी जस्तै' जनताले जनकारबाही गर्नुपर्ने माओवादी शैली अपनाउन साहले आह्वान गरेका छन्।चोर जस्तै घुसखोरलाई र बलात्कारी जस्तै भ्रष्टाचारीलाई जनताले भाटा नहाने मुलुक नसुध्रिने उनको कथन थियो।

आजपा मधेश प्रदेश कमिटीद्वारा बुधवार पर्सा जिल्लाको निचुटामा आयोजित 'भ्रष्टाचार विरुद्ध मधेश यात्रा' कार्यक्रममा बोल्दै आजपा अध्यक्ष साहले मुलुकमा भ्रष्टाचार र घुसखोरी बढ्दै गईरहेको र त्यसलाई सरकारले संस्थागत गरिरहेको आरोप लगाए।

'घुसखोर र भ्रष्टाचारीहरु अहिले खुलेयाम घुमिरहेका छन् ' उनले भने, देश लुटेराहरुलाई जनकारबाही गर्नुपर्छ। आजपा अध्यक्ष साहले भने, 'गाउँघरमा चोर भेट्दा प्रहरीलाई खबर गर्नुभन्दा अघि जनताले त्यसको रामधुलाई गर्छन्। यहाँ घुसखोर, भ्रष्टाचार गर्नेलाई पनि त्यस्तै जनकारबाही गर्नुपर्छ। पहिला रामधुलाई गर्ने अनि प्रहरीलाई खबर गरेर बुझाउने।'




मुलुकमा भ्रष्टाचार, घुसखोरी, अनियमितता, बढ्दै गईरहेको उल्लेखगर्दै उनले प्रधानमन्त्रीले नै त्यसलाई संस्थागत गरेको गम्भीर आरोप लगाए। मुलुकमा विभिन्न ठूलठूला भ्रष्टाचारका काण्ड बाहिर आए पनि सरकारले भ्रष्ट, लुटेरालाई अझै कारबाही नगरेको उनले बताए । गीरिबन्धु, ललिता निवास प्रकरण, भुटानी शरणार्थी, टेरामक्स, वाईडवडीदेखि लिएर विभिन्न घोटाला र भ्रष्टाचारका काण्ड बाहिर आएको भए पनि सरकारले कारबाही नगरी संरक्षण गरेको साहले आरोप लगाए।

'विभिन्न काण्डहरु सार्वजनिक भएका छन् । यहाँ राज्यको ढुकुटी लुट्नेदेखि सार्वजनिक सम्पति लुट्ने काम भईरहेको छ। भ्रष्ट, लुटेराहरु सार्वजनिक रुपमा खुलेयाम घुमिरहेका छन् । उनीहरु सम्मानित भईरहेका छन्, श्रमजीविहरु अपमानित भईरहेका छन् । के सरकारले उनीहरुलाई कारबाही गर्नुपर्दैन् ?', प्रश्न गर्दै उनले भने, 'मुलुक समृद्ध बनाउँछौं भन्नुहुन्छ प्रधानमन्त्रीजी, तर भ्रष्टाचारी, लुटेरालाई संरक्षण पनि गर्नुहुन्छ। करमाथि कर लगाएर नेपाली जनतामाथि ऋणको भारी बोकाउने सरकारले समृद्ध नेपाल कसरी निर्माण गर्छ ? भ्रष्ट, लुटेरालाई संरक्षण गरेर समृद्ध नेपाल कहिलै बन्दैन्।'

साहले भ्रष्टाचार विरुद्ध कारबाहीका लागि आह्वान गरिरहेको बेला मञ्चासीन मौलापुर नगरपालिकाका प्रमुख रहेकी साहकी पत्नीलाई देखेर मञ्च तल धेरैले टिप्पणीगर्दै कारबाही मेयर बाहेकका लागि मात्रै हो भन्दै ठ्ठयौली गरिरहेका थिए।


मौलापुर नगरपालिकाकी मेयर रिना साह दोस्रो कार्यकाल चलाउँदा मौलापुर नगरपालिकामा सर्वाधिक अनियमितता भएको र करोडौ बेरुजु रहेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ।

'भ्रष्टाचार विरुद्धको मधेश यात्रा' कार्यक्रम पर्सा जिल्ला अध्यक्ष विश्वराज पटेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आजपाका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, उपाध्यक्षद्वय समिना हुसेन, अशोक लामा, महासचिव त्रिभुवन साह लगायतको सहभागिता रहेको थियो।

सप्तरी जिल्लाबाट प्रारम्भ भएको भ्रष्टाचार विरुद्धको अभियान आजपाले सञ्चालन गरेको थियो।आजपा अध्यक्ष साह पटक पटक सांसद र मन्त्री बनेका हुन्।तर उनी भ्रष्टाचारको अभियोगमा कारबाहीमा परेका छैनन्।यद्यपि उनकी पत्नी मेयर रहेको मौलापुर नगरपालिका पटक पटक विवादित बन्ने गरेको छ।







# विवाहपञ्चमीमा जन्ती स्वागतको तयारी गर्दै स्थानीय तह

महोत्तरी । मधेशको मिथिलाञ्चल क्षेत्रमा मनाइने सांस्कृतिक पर्व विवाहपञ्चमी (रामजानकी विवाह) महोत्सवको महोत्तरीमा तयारी थालिएको छ । विवाहपञ्चमीमा भारतको अयोध्याबाट आउने जन्तीको स्वागतका लागि महोत्तरीमा तयारी थालिएको हो ।

जन्ती नेपाल प्रवेश गर्ने नाका महोत्तरीको मटिहानी र भिठ्ठामोर हुन् । अहिले जिल्लाका मटिहानी, जलेश्वर र पिपरामा जन्तीको स्वागतका लागि आवश्यक तयारी भइरहेको छ । यस वर्ष विवाहपञ्चमी महोत्सवमा जन्ती बोलाउने श्रीरामको तिलकोत्सवको कार्यक्रम जनकपुरधामबाट गएको टोलीले भारतको अयोध्यामा सम्पन्न गरेको छ । मधेशका मुख्यमन्त्री सतिशकुमार सिंह नेतृत्वको टोलीले गत सोमबार अयोध्यामा जन्ती आउने जानकी मन्दिरको निमन्त्रणापत्र अयोध्यास्थित श्रीराम ट्रष्टका सचिव चम्पत रायलाई हस्तान्तरण गरिसकेको छ ।

साथै मुख्यमन्त्री सिंह नेतृत्वको टोलीले एक धार्मिक समारोहबीच सोही दिन श्रीरामको तिलकोत्सव पनि सम्पन्न गरेको छ । तिलकोत्सवमा दुलहीपक्षले दुलहालाई वस्त्रआभूषण, शृङ्गार प्रसाधन सामग्री र फलफूलसहित मिष्ठान्न परिकारका साथ पूजन (वरण) गर्ने मैथिल परम्परा छ । यो पारम्परिक विधि सम्पन्न भएसँगै अब मिथिलामा औपचारिक रुपमा विवाहपञ्चमी महोत्सव सुरु भएको छ ।

मैथिल परम्परामा मङ्सिर सघन रुपमा विवाहसम्बन्ध जोड्ने उपयुक्त महिना मानिन्छ । कैयन हासपरिहासका रमाइला विधिले सम्पन्न गरिने हिन्दू मैथिल परम्पराको विवाह आफैँमा उत्सव रहेको जानकारहरु बताउँछन् । यसमा आराध्य देव श्रीराम र मिथिलापुत्री जानकीको विवाह भएको महिना मङ्सिर भएकाले मैथिलका लागि यो महिना पहिलेदेखि विशेष उत्सवको रुपमा रहँदै आएको छ । अहिले यही विवाह महोत्सवका लागि महोत्तरीका मटिहानी र जलेश्वर नगरपालिका तथा पिपरा गाउँपालिकाले जन्तीको स्वागत, खानपान र आवाससहितको प्रबन्धका लागि तयारी थालेका छन् । मङ्सिर शुक्लपञ्चमीका दिन मनाइने रामजानकीको विवाह महोत्सवको मुख्य विवाहको विधि भने यसपालि मङ्सिर २१ गते शुक्रबार परेको छ ।

अयोध्याबाट आउने जन्तीको नेपाल प्रवेशद्वार जिल्लाको भिठ्ठामोर र मटिहानी नाका भएकाले जन्तीको स्वागत, सत्कारका लागि आवश्यक तयारी सुरु गरिएको मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलले बताउनुभयो । श्रीराम जानकीको विवाहमा यज्ञवेदी बनाइने माटो मटिहानीको लक्ष्मीसागरमा खनिएको जनविश्वाससहित जिल्लामा महोत्सवको विशेष तयारी हुने गरेको उहाँले उल्लेख गर्नुभयो ।



रामजानकी विवाह महोत्सवको मुख्य पक्ष जनकपुरस्थित राममन्दिर र जानकी मन्दिर रहँदै आएका छन् । विभिन्न विधिसाथ सप्ताहव्यापी रुपमा मनाइने यो महोत्सवका लागि यसपालि पाँच वर्षपछि खास अवसर बनेको छ । "प्रत्येक पाँच/पाँच वर्षको महोत्सवमा भारतको अयोध्याबाट जन्ती आउने परम्परा छ । यसपाली जन्ती आउने पालो परेकाले यसको तयारी तीव्र पारिएको हो", नगरप्रमुख मण्डलले भन्नुभयो ।

अयोध्याबाट आउने जन्ती मटिहानीमा एक बास बसेर जलेश्वर हुँदै जिल्लाको पिपरा गाउँपालिकालाई छिचोल्दै जनकपुर जाने चलन छ । यसअनुसार अहिले जन्तीको बास हुने र बाटोमा पर्ने महोत्तरीका स्थानीयतहले स्वागत, सत्कार, खानपान तथा आवासको उचित प्रबन्धको तयारी सुरु गरेका नगरप्रमुख मण्डलले जानकारी दिनुभयो । यो तयारीसँगै यी ठाउँमा अहिलेदेखि नै रामसीताका विवाहसम्बन्धका कथा र भाव समेटिएका गीत गुञ्जदैछन् । सबैतिर महोत्सवको उल्लास छाएको छ ।

"जन्ती यही मङ्सिर १७ गते सोमबार मटिहानी आइपुग्ने तालिका बनेको छ, हामी त्यसअनुसार तयारीमा जुटिसकेका छौँ", मटिहानी नगरप्रमुख मण्डलले भन्नुभयो, "त्यसै पनि मिथिलामा हुने विवाहमा जन्तीको स्वागत विशिष्ट तवरले गरिने चलन छ । यो श्रीराम र जानकीको विवाहका जन्ती हुन्, हामीले कुनै कमी हुन नदिने गरी तयारी थालेका छौँ ।" उहाँका अनुसार यसका लागि मटिहानी, जलेश्वर र पिपराका जनप्रतिनिधि, धार्मिक तथा सामाजिक सङ्घ संस्थाका प्रतिनिधि र साधुसन्तबीच आवश्यक तयारीको प्रबन्धबारे सघन छलफलसमेत भइरहेका छ ।

यस वर्ष अयोध्याबाट पाँच सयको सङ्ख्यामा त्यहाँस्थित श्रीराम ट्रष्टका सचिव चम्पत रायको नेतृत्वमा जन्ती आउने कार्यक्रम तय भएको नगरप्रमुख मण्डलले जानकारी दिनुभयो । विशिष्ट अतिथिका लागि स्वागत सत्कारसँगै भोजन र आवासको प्रबन्ध गरिने उहाँले स्पष्ट पार्नुभयो । जन्ती भोलिपल्ट अर्थात् मङ्सिर १८ गते मटिहानीबाट जनकपुरका लागि प्रस्थान गर्नेछन् ।

यस क्रममा जलेश्वरस्थित श्री जलेश्वरनाथ महादेवको दर्शन गराइ उहाँहरुलाई खाजा चिया ख्वाइने कार्यक्रम बनेको छ । यसको तयारीमा जलेश्वर नगरपालिका जुटेको छ । "हामीले जन्तीका लागि महोत्तरीको बाटो सधैँ सम्झनयोग्य बनाउने तयारी गरेका छौँ", जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनारले भन्नुभयो, "जिल्लाका सम्बद्ध तीनवटै स्थानीयतह (मटिहानी, जलेश्वर र पिपरा)बीच अहिलेदेखि काम र जिम्मेवारी छुट्याएर तयारी थालेका छौँ, तीनै ठाउँका जनप्रतिनिधिबीच आपसी समन्वय भइरहेकाले यस वर्ष पनि अयोध्याबाट आउने जन्तीका लागि विशेष बनाउँछौँ ।"

जलेश्वरबाट अघि बढेपछि जन्तीको दिवा भोजन र त्यसपछिको विश्राम पिपरामा हुनेछ । पिपरा गाउँपालिकाका अध्यक्ष रामजानकी यादवले यस कार्यमा सम्पूर्ण पिपरावासी तयारीमा जुटेका बताउनुभयो । पिपरावासी विशिष्ट अतिथिको स्वागतको पर्खाइमा रहेका उहाँको भनाइ छ ।

मटिहानी, जलेश्वर र पिपरासहितका तीनै स्थानीयतहमा जन्तीको स्वागत तयारीमा आम सर्वसाधारण सरिक हुँदैछन् । सप्ताहव्यापी विवाह महोत्सवमा मटिहानी, जलेश्वर र पिपरा हुँदै अयोध्याबाट आएका जन्ती जनकपुर पुगेपछि ती जानकी मन्दिरका अतिथि हुन्छन् । जनकपुर बसाइँको सबै प्रबन्ध जानकी मन्दिर व्यवस्थापनले जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले बताउनुभयो । महोत्सवमा कुनै त्रुटि हुन नदिन सचेतता अपनाइने उहाँले उल्लेख गर्नुभयो ।

सप्ताहव्यापी रामजानकी विवाह महोत्सवमा सात दिनका फरक-फरक विधि हुन्छन् । गुरु विश्वामित्रसँग भाइ लक्ष्मणका साथ श्रीराम जनकपुर प्रवेश गर्नुभएको पहिलो दिनलाई जनकपुर नगर दर्शनका रुपमा उत्सव मनाइन्छ । यसैगरी श्रीराम र जानकीको फुलबारीमा जम्काभेट भएको दिनलाई फूलबारीलीला, त्यसपछि धनुषयज्ञ, स्वयम्बर, तिलकोत्सव, मटकोर, शुभविवाह र रामकलेवाका विधि छन् ।

मटकोर विवाहमण्डप बनाइएर विवाहअघि कूलदेवताको पूजा गरिने र अन्तिम दिनको रामकलेवा जन्तीलाई बिदाइ गरिने परम्परासँग जोडिएका विधि हुन् । यस महोत्सवमा जनकपुर स्थित श्रीराम मन्दिरका महन्थ दुलहाका पिता राजा दशरथको र जानकी मन्दिरका महन्थ राजा जनकको भूमिकामा हुन्छन् । दुवै सम्धीबीच मैथिल परम्पराको हाँसख्याल ठट्टाले त्रेता युगकालीन श्रीराम जानकीको विवाहमा यस्तै रमाइलो भएको अनुमान गर्दै दर्शक दङ्गपर्ने गरेका साहित्यकार डा राजेन्द्रप्रसाद विमलले बताउनुभयो ।

मिथिलाको यो विशिष्ट सांस्कृतिक महोत्सवमा बर्सेनि नेपाल र भारतका लाखौँ श्रद्धालु भक्तजन सहभागी हुँदै आएका छन् । नेपाल र भारतबीच 'रोटीबेटी' को सम्बन्ध श्रीराम सीताको विवाहपछि बाक्लिएको त्यसयताका धार्मिक ग्रन्थबाट र पछिल्ला दिनमा भइरहेका सम्बन्धबाट उजागर भइरहेको मैथिल लोकसंस्कृतिका ज्ञाता जलेश्वर-५ का ध्रुव रायले बताउनुभयो ।रासस

# विद्यालयबाट शिक्षकद्वारा हाजिरी रजिष्टर गायब



**मनोज माझी**

राजविराज । नियमित विद्यालय नआउने तर, मौका पाएको बेला आफू वा आफ्नो शिक्षक साथीबाट सबै दिनको हाजिरी एकै पल्ट गर्ने/गराउने आरोप लागेका एक शिक्षकले विद्यालयबाट रजिष्टर नै गायब गरेको घटना बाहिरिएको छ ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका १ स्थित श्री जनता राष्ट्रिय प्राथमिक विद्यालय बरहीमा कार्यरत शिक्षक सुकदेव यादवले मंगलबार राति विद्यालयबाट हाजिरी रजिष्टर गायब पारेको घटना बाहिरिएको हो । प्रहरीका अनुसार रातिको समयमा डियुटीमा रहेका विद्यालयका कार्यालय सहयोगी वीरेन्द्र कर्णबाट प्रशासनिक कक्षको साँचो मागेर कोठाबाट हाजिरी रजिष्टर लिएर शिक्षक यादव हिडेको पाइएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेतले रजिष्टर गायब पारिएको सम्बन्धमा छानबिन गर्ने क्रममा कार्यालय सहयोगी कर्णलाई नियन्त्रणमा लिएपछि सो खुलासा भएको हो । प्रहरीको बयान पश्चात् कार्यालय सहयोगी कर्णलाई बुधबार पालिकाको शिक्षा शाखा प्रमुख सन्तोष रायको जिम्मा लगाई थप अनुसन्धान थालिएको उनको भनाई छ ।

छिन्नमस्ता गाउँपालिकाका प्रवक्ता समेत रहेका वडा अध्यक्ष ललन कुमार यादवले उक्त विद्यालयका शिक्षक सुकदेव यादव नियमित विद्यालय नआउने तथा उनी नआएको दिनको पनि कहिले आफै त कहिले शिक्षक साथी मार्फत रजिष्टरमा एकमुष्ट हाजिर गर्ने गरेको कुरा बाहिरिएपछि विद्यालयबाट रजिष्टर नै गायब पारिएको बताए । यसबारे पालिकाले पनि आफ्नो स्तरबाट छानबिन थालिएको उनले बताए ।

# महिलालाई वित्तीय साक्षरता तालिम



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामका महिलाहरुलाई वित्तीय साक्षरता तालिम प्रदान गरिएको छ । बुधबार जनकपुरधाममा मिडिया हाउस नेशनल इन्स्टिच्युट फर करियर डेभलपमेन्टको आयोजना तथा नबिल बैंक लिमिटेडको सहकार्य तथा जनकपुर जेसिजको सहयोगमा आयोजित महिलाका लागि वित्तीय साक्षरतासम्बन्धी एक दिवसीय तालिममा मधेशका ४० भन्दा बढी महिलाले तालिम लिएकी छन् ।

तालिमबाट महिलाले वित्तीय योजना, बचत, लगानी र उद्यमशीलताको आधारभूत ज्ञान हासिल गरेका छन् ।वित्तीय साक्षरता तालिमले महिलाहरूको आत्मनिर्भरता बढ्ने, घरेलु व्यवसायको विकासमा प्रोत्साहन हुने, वित्तीय पहुँच नपाएका ग्रामीण महिलालाई बैंक र सहकारी संस्थासँग जोड्न सकिने तथा मधेशको समग्र आर्थिक विकास र महिला सशक्तीकरणलाई बलियो बनाउन सकिने तालिमको उद्देश्य छ ।

तालिमका आयोजक संस्था मिडिया हाउसका कार्यकारी निर्देशक सहनशीला शर्माले महिलाहरूलाई आर्थिक रूपमा सशक्त बनाउन वित्तीय साक्षरता नै पहिलो कदम रहेको बताउदै यो तालिमले मधेशका महिलाहरूलाई परिवार र समुदायमा आर्थिक निर्णय लिने क्षमतामा सुधार गर्ने विश्वास व्यक्त गरिन् । मिडिया हाउसले गत शनिबारदेखि नै धनुषा तथा महोत्तरीका विभिन्न स्थानमा महिलालाई वित्तीय साक्षरतासम्बन्धी तालिम दिँदै आएको छ । जसमा अढाइ सयभन्दा बढी महिलाले वित्तीय साक्षरतासम्बन्धी प्रशिक्षण लिएकी छन् ।

बुधबार आयोजित तालिमका लागि जनकपुर जेसिजले र यसअघि आयोजित तालिमलाई एभरेष्ट बैंक लिमिटेडले सहकार्य गरेको थियो भने स्थानीय तहमा जनकपुरधाम उद्योग वाणिज्य सङ्घ, जलेश्वर उद्योग वाणिज्य सङ्घले सहयोग गरेको थियो ।

प्रशिक्षण कार्यक्रममा मिडिया हाउसका पदाधिकारी उज्वलराज गौतम, उषा श्रेष्ठ, जेसिजका अध्यक्ष यातोषकुमार साह तथा प्रशिक्षकका रुपमा विनोद अधिकारीको उपस्थिति थियो ।

# सप्तरीका दुई स्वतन्त्र उम्मेदवारद्वारा उम्मेदवारी फिर्ता

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको डाक्नेश्वरी नगरपालिकाको वडा नं. १ र ४ मा वडाअध्यक्ष पदका लागि हुन लागेको उपनिर्वाचनमा मनोनयन पत्र दर्ता गराएका १७ मध्ये दुई जनाले बुधबार उम्मेदवारी फिर्ता लिएका छन् ।

उम्मेदवारी फिर्ता लिने दुबै स्वतन्त्र उम्मेदवार थिए । निर्वाचन कार्यालयका अनुसार उम्मेदवारी फिर्ता लिनेमा वडा नं. १ बाट सियाकान्त चौधरी र वडा नं. ४ बाट रामकुमार यादव छन् ।

उम्मेदवारी कायम राख्न इच्छुक नभएको भन्दै दुबै जनाले स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा २३ को उपदफा (१) बमोजिम आवेदन गरी उम्मेदवारी फिर्ता लिएको जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले जानकारी दिए ।



दुई जनाले उम्मेदवारी फिर्ता लिएपछि मंसिर १६ गते हुने उपनिर्वाचनमा अब दुबै वडाका गरी १५ जनाको मात्र उम्मेदवारी कायम भएको निर्वाचन कार्यालयले जनाएको छ । यसैबीच बुधबार नै वडा नं. १ बाट उम्मेदवारी फिर्ता लिएका सियाकान्त चौधरीले एक प्रेस विज्ञप्तिमार्फत आफू काँग्रेसका उम्मेदवार भुलिया देवी थरुनीलाई समर्थन गर्दै उम्मेदवारी फिर्ता लिएको जनाएका छन् ।

# इजरायल-प्यालेस्टाइन युद्धमा तटस्थ नबस्न प्रधानमन्त्रीको ध्यानाकर्षण

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष प्यालेस्टाइनमाथि इजरायलले गरिरहेको हमलाविरुद्ध प्रस्तुत हुनुपर्ने माग गर्दै विभिन्न राजनीतिक दल र नागरिक संस्थाले आज ध्यानाकर्षणपत्र बुझाइएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठसहित विभिन्न दल र नागरिक संस्थाका प्रतिनिधिले आज प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्री ओलीलाई भेटेर इजरायलले प्यालेस्टाइन र लेबनानमाथि लगातार बलपूर्वक हमला गरेकाले त्यसको विपक्षमा नेपाल सरकार अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत हुनुपर्ने आग्रह गरेका हुन् ।

ध्यानाकर्षण पत्रमा नेपालको तटस्थ परराष्ट्र नीतिको मान्यतामा परिवर्तन गर्न र अन्यायमा परेकाको पक्षमा स्पष्ट रूपमा संयुक्त राष्ट्रसङ्घजस्ता मञ्चमा मत जाहेर गर्न माग गरिएको छ । ज्ञापनपत्रमा हमासको नियन्त्रणमा रहेका नेपाली विपीन जोशी र इजरायलमा रहेका हजारौँ नेपाली युवाहरुको जीवन रक्षाका लागि युद्धकालभरी नेपाल ल्याउने कार्य गर्न पनि माग गरिएको छ ।

प्रधानमन्त्री ओलीले नेपाल विश्वशान्ति, मानव अधिकार र न्यायका पक्षमा रहने स्पष्ट पार्नुभयो । उहाँले तटस्थता भनेको बलियाले कुटिरहने र कमजोरले सही रहने भन्ने नभएको बताउँदै ध्यानाकर्षणपत्रमा उठाइएका विषयको विपरीत सरकार नजाने स्पष्ट गर्नुभयो । "हामी विश्वशान्तिका पक्षमा छौँ । कुनै शक्तिविरुद्ध आफैं लड्न जाँदैनौं ।

कुनै पनि सैन्य गठबन्धनमा रहँदैनौं तर अन्याय सहेर बस्दैनौं", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामी विश्वमा निरीह शान्ति होइन, न्यायपूर्ण शान्ति र मानव अधिकारको रक्षामा हुनेछौं ।" भेटका अवसरमा माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङ, राष्ट्रिय जनमोर्चाका नेत्री दुर्गा पौडेल, नेकपा (एकीकृत समाजवादी) का सचिव शेरबहादुर कुँवर, क्रान्तिकारी कम्युनिष्ट पार्टीका वरिष्ठ नेता सिपी गजुरेल, जनता समाजवादी पार्टी नेपालका विदेश विभाग प्रमुख अर्जुन थापा, प्रगतिशील रुपान्तरण आन्दोलनका अभियन्ता श्याम श्रेष्ठलगायत सहभागी हुनुहुन्थ्यो ।रासस

**Certificate Missing**

I, Aashutosh shah, have lost my original Bachelor of Technology degree of year 2014 from Motital Nehru institute of Technology Near kadam chowk in city of Janakpur, Nepal . If found please contact at number 9854024281.

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : अवसर प्राप्त । |
| मिथुन | : वाद विवादबाट बच्नु । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| वृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




मोरङको बेलबारी-११ भाडबारीस्थित खेतमा आधुनिक प्रविधिको प्रयोग गरेर धान र पराल छुट्याउँदै किसान । तस्बिरः रासस

# भारतका स्थल सेनाध्यक्ष काठमाडौँमा

काठमाण्डु । प्रधान सेनापति अशोकराजसिग्देलकोऔपचारिक निमन्त्रणामा भारतका स्थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदी पाँचदिने भ्रमणको सिलसिलामा बुधबार काठमाडौँ आइपुग्नुभएको छ।

पाँच सदस्यीय भ्रमणदलमा उहाँकी धर्मपत्नी तथा भारतीय सेनाको सैनिक श्रीमती कल्याण सङ्घकी अध्यक्ष सुनिता द्विवेदी पनि सहभागी हुनुहुन्छ । उहाँहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा



युद्धकार्य विभागका विभागीय प्रमुख उपरथी प्रेमध्वज अधिकारी र उहाँकी धर्मपत्नीले स्वागत गर्नुभएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

भ्रमणका क्रममा जनरल द्विवेदीलाई यही मङ्सिर ६ गते राष्ट्रपति भवन शीतल निवासमा आयोजना गरिने विशेष समारोहकाबीच राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गर्ने कार्यक्रम रहेको छ। मित्रराष्ट्रका उच्चपदस्थ सैनिक अधिकारीको यस किसिमको भ्रमणले दुई देशबीचको सैनिक सम्बन्धलाई अझ विस्तार एवं प्रगाढ पार्न थप मद्दत पुग्ने विश्वास नेपाली सेनाले लिएको छ।रासस

# हवाई इन्धन डिपो स्थानान्तरणको डिपिआर बनाउन निगम र पुल्चोक क्याम्पसबीच सम्झौता

काठमाण्डु । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा रहेको नेपाल आयल निगमको हवाई इन्धन डिपो स्थानान्तरणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गर्न निगम र पुल्चोक इन्जिनियरिङ क्याम्पसबीच सम्झौता भएको छ।

सिनामङ्गल डिपोमा बुधबार आयोजित कार्यक्रममा निगमका उपनिर्देशक प्रदीप यादव र पुल्चोक क्याम्पस, कन्सल्टेन्सी सेवाका सहप्राध्यापक नारायणप्रसाद गौतमले सम्झौतापत्रमा हस्तक्षर गर्नुभयो। सम्झौताअनुसार पुल्चोक क्याम्पसले बढीमा छ महिनाभित्र डिपिआर निगमसमक्ष हस्तान्तरण गर्नेछ।




डिपिआर तयार गर्न निगमले एक करोड ९८ लाख ८४ हजार एक सय ८३ रुपैयाँ ७३ पैसा उपलब्ध गराउनेछ। विमानस्थलको गुह्येश्वरीतर्फ नागरिक उड्डयन प्राधिकरणले उपलब्ध गराएको ५० रोपनी जग्गामा 'अमेरिकी पेट्रोलियम इन्ष्टिच्युट' (एपिआइ) मापदण्डअनुसारको डिपो डिपो निर्माण गर्ने योजना छ।

अन्तर्राष्ट्रिय मापदण्डभन्दा बाहिर रहेको सिनामङ्गलस्थित डिपोका कारण हवाई उड्डयन क्षेत्र समेत जोखिममा रहेको अवस्थालाई मध्यनजर गरी डिपो स्थानान्तरण गर्न लागिएको निगमका उपनिर्देशक यादवले जानकारी दिनुभयो। विमानस्थलको धावनमार्गदेखि ट्याक्सी वेबीच हुनुपर्ने अन्तर्राष्ट्रिय मापदण्ड कायम गर्न निगमको डिपो हटाउनुपर्ने अवस्था आएको उहाँको भनाइ छ।

मुख्य धावनमार्गको केन्द्रदेखि ट्याक्सी वेबीचको दूरी एक सय ७२ दशमवलव ५ मिटर हुनुपर्ने अन्तर्राष्ट्रिय मापदण्ड भए पनि हाल विमानस्थलसँगको सो दूरी करिब ९० मिटर मात्रै रहेको छ।

"पछिल्लो समय हवाई साधनको चाप बढेको छ, तर भण्डारण पर्याप्त छैन, हवाइ इन्धनको मौज्दात कम भयो", डिपो स्थानान्तरणको आवश्यकतामाथि प्रष्ट पार्दै डिपो प्रमुख यादवले भन्नुभयो, "विमानस्थलको हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाले तयार पारेको गुरुयोजनाअनुसार यस डिपोलाई सार्नुपर्ने बाध्यता छ।

गत साउन २८ गतेको मन्त्रिपरिषद्को बैठककले एक वर्षभित्रमा हवाई इन्धन डिपो सुरक्षित र सुविधायुक्त स्थानमा सार्न निर्देशन दिएको थियो। विमानस्थलको हवाई यातायात क्षमता अभिवृद्धि गर्न प्राधिकरणले विमानस्थल स्तरोन्नति गरी फराकिलो र सुरक्षित बनाउन थालेको छ।

सिनामङ्गल डिपोको भण्डारण क्षमता अत्यन्त कम रहेको र थप पूर्वाधार निर्माण गर्न पनि सो क्षेत्रमा सम्भव नदेखिएकाले डिपो सार्ने योजना अघि बढाइएको यादवले स्पष्ट पार्नुभयो । विसं २०८४ मङ्सिरसम्म डिपो स्थानान्तरण गर्ने योजना छ।

सामान्यतया आपत्कालीन प्रयोगका लागि तीनदेखि पाँच दिन र नियमित अवस्थामा पाँचदेखि सात दिनका लागि इन्धन भण्डारण गर्ने गरिन्छ । तर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान भर्ने विमानलाई सेवा दिन २० दिनको माग धान्न सक्ने क्षमताको भण्डारण आवश्यक पर्ने उहाँको भनाइ छ।

करिब ५० वर्ष पुरानो सिनामङ्गल हवाई इन्धन डिपोको भण्डारण क्षमता सात हजार छ सय ६० किलोलिटर छ । हाल यहाँबाट दैनिक चार सय किलोलिटर हवाई इन्धन बिक्री वितरण हुँदै आएको छ। यो डिपोमा एक हजार छ सय किलोलिटरका तीन वटा, सात सय ६० किलोलिटरका तीन वटा र ७० किलोलिटर क्षमताका आठ वटा इन्धन भण्डारण ट्याङ्क छन्।

अब बन्ने डिपोमा तीन हजार किलोलिटर क्षमताका पाँच वटा भण्डारण ट्याङ्क रहनेछन् । नयाँ बन्ने डिपो अत्याधुनिक प्रविधिसहितको हुने पुल्चोक क्याम्पस, कन्सल्टेन्सी सेवाका सहप्राध्यापक गौतमले जानकारी दिनुभयो ।नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको निगम विसं २०२७ मा स्थापना भई नेपालमा पेट्रोलियम पदार्थको आयात, भण्डारण र वितरण गर्दै आइरहेको छ । निगमले देशका विभिन्न स्थानमा १० वटा हवाई इन्धन डिपो र दुई वटा हवाई इन्धन 'रिफ्युलिङ स्टेशन' सञ्चालनमा ल्याएको छ।

निगमले भारतको सरकारी स्वामित्वको इण्डियन आयल कर्पोरेसन (आइओसी)बाट इन्धन खरिद गरी देशभर बिक्री वितरण एवं भण्डारण गर्दै आएको छ। विराटनगर, धनुषा, वीरगञ्ज, अमलेखगञ्ज, काठमाडौँ, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढीमा इन्धन भण्डारण गृह छ। हाल निगमको पेट्रोलियम पदार्थ भण्डारण क्षमता ६० हजार तीन सय ८४ किलोलिटर रहेको छ।रासस

# पहिलो चौमासिकमा रु १२ अर्ब ७२ करोडको विद्युत् भारत निर्यात

काठमाण्डु । चालु आर्थिक वर्षको पहिलो चौमासिकमा नेपालले रु १२ अर्ब ७१ करोड ९४ लाख ५९ हजार बराबरको बिजुली भारत निर्यात गरेको छ। देशभित्र खपत गरी बढी भएको बर्खायामको एक अर्ब ६६ करोड ७८ लाख ९२ हजार युनिट विद्युत् भारततर्फ निर्यात गरेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । चार महिनामा भारततर्फ निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट सात रुपैयाँ ६३ पैसा छ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) को 'डेअहेड' तथा 'रियल टाइम मार्केट'मा प्रतिस्पर्धी दरमा र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताबमोजिम हरियाणा र विहार राज्यमा बिक्री गरिरहेको छ। भारतको प्रसारण संरचनाको प्रयोग गरी बङ्गलादेशमा पनि विद्युत् निर्यात सुरु भइसकेको छ । भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ (भारु)मा हुने गरेको छ । त्यसैले प्राधिकरणले विद्युत् बिक्री गरी भारु आम्दानी गरिरहेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले असोज महिनामा आएको बाढीपहिरोका कारण सञ्चालनमा रहेका जलविद्युत् केन्द्रहरु र प्रसारण लाइनमा क्षति पुगी विद्युत् उत्पादन बन्द हुँदा निर्यात प्रभावित भएको बताउनुभयो। "सञ्चालनमा रहेका जलविद्युत् आयोजनाहरुमध्ये सबैभन्दा ठूलो चार सय ५६ मेगावाटकोमाथिल्लोतामाकोशीका संरचनामा पहिरोले क्षति पुर्याउँदा विद्युत् उत्पादन बन्द छ।

"अन्य साना आयोजनाहरु पनि क्षति पुग्दा विद्युत् उत्पादन



हुन सकेको छैन", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "काबेली करिडोर प्रसारण लाइनलाई माईखोलामा आएको बाढीले क्षति पुऱ्याउँदा उक्त लाइनमा जोडिएका विभिन्न आयोजनाको करिब दुई सय मेगावाट विद्युत् उत्पादन बन्द भयो। जसका कारण असोज र कात्तिकको विद्युत् निर्यात प्रभावित हुनपुग्यो। यसबाट चालु आवमा राखिएको करिब रु ३० अर्ब विद्युत् निर्यातको लक्ष्यसमेत प्रभावित हुने देखिएको छ।"

प्राधिकरणका अनुसार माथिल्लो तामाकोशीको पुनर्निर्माण धमाधम भइरहेको छभने काबेली करिडोर प्रसारण लाइनको पुनर्निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेको छ। हिउँद सुरुभएसँगै नदी तथा खोलानालामा पानीको बहाव घट्ने भएकाले जलविद्युत आयोजनाहरुको विद्युत् उत्पादन कम हुनेछ। उत्पादनले आन्तरिक मागलाई मात्र धान्ने भएकाले अब विद्युत् निर्यात क्रमशः घट्दै जाने छ। हिउँदका केही महिनामा विद्युत् आयात गर्नुपर्नेछ।

प्राधिकरणले हालसम्म प्रतिशपर्धी बजार र मध्यकालीन विद्युत् बिक्री सम्झौताबमोजिम भारतीय बजारमा २८ वटा आयोजनाबाट उत्पादित नौ सय ४१ मेगावाट विद्युत् बिक्री गर्न स्वीकृति पाएको छ। गत आवमा भारतबाट रु १६ अर्ब ९३ करोडको विद्युत् आयात गरिएको थियो। यही अवधिमा रु १७ अर्ब ६ करोडको विद्युत् निर्यात गरिएको थियो । गत आवमा आयातभन्दा रु १३ करोड बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेको थियो।

### चार महिनामा १२ अर्ब ७२ करोडको विद्युत् भारत निर्यात

चालु आर्थिक वर्षको पहिलो चार महिनामा रु १२ अर्ब ७१ करोड ९४ लाख ५९ हजारको विद्युत् भारत निर्यात भएको छ।

नेपाल विद्युत् प्राधिकरणले गत साउन, भदौ असोज र कात्तिकमा देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको एक अर्ब ६६ करोड ७८ लाख ९२ हजार युनिट विद्युत् भारत निर्यात गरेको हो। चार महिनामा भारततर्फ निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट सात रुपैयाँ ६३ पैसा छ । प्राधिकरणले भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स)को 'डेअहेड' तथा 'रियल टाइम मार्केट'मा प्रतिस्पर्धी दरमा र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौता बमोजिम हरियाणा र बिहार राज्यमा विद्युत् बिक्री गरिरहेको छ।

भारतको प्रसारण संरचना प्रयोग गरी नेपालबाट बङ्गलादेशमा पनि विद्युत् निर्यात सुरु भइसकेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले गत असोजमा आएको बाढीपहिरोका कारण जलविद्युत केन्द्रहरु र प्रसारण लाइनमा क्षति पुगी विद्युत् उत्पादन बन्द हुँदा निर्यात प्रभावित भएको बताउनुभयो । "सञ्चालनमा रहेका जलविद्युत् आयोजनाहरुमध्ये सबैभन्दा ठूलो चार सय ५६ मेगावाटको माथिल्लो तामाकोशीका संरचनामा पहिरोले क्षति पु-याउँदा विद्युत् उत्पादन बन्द छ,", उहाँले भन्नुभयो, "यसबाट चालु आवमा राखिएको करिब रु ३० अर्बको विद्युत् निर्यातको लक्ष्य प्रभावित हुने देखिएको छ।"

गत साउनमा चार रु अर्ब १४ करोड ५० लाख ७७ हजार, भदौमा रु तीन अर्ब ६७ करोड ८४ लाख ४८ हजार, असोजमा रु तीन अर्ब छ करोड ५१ लाख ३९ हजार र कात्तिकमा रु एक अर्ब ८३ करोड सात लाख ९५ हजारको विद्युत् निर्यात भएको प्राधिकरणले जनाएको छ।प्राधिकरणले भारतीय बजारमा २८ वटा आयोजनाबाट उत्पादित नौ सय ४१ मेगावाट विद्युत् बिक्री गर्न स्वीकृति पाएको छ। गत आवमा भारतबाट रु १६ अर्ब ९३ करोडको विद्युत् आयात र रु १७ अर्ब छ करोडको निर्यात गरिएको थियो।रासस

# पहिलो चौमासिकमा ८४ अर्ब सरकारी ऋण थपियो

काठमाण्डु । चालु आर्थिक वर्ष २०८१/ ८२ को पहिलो चौमासिक अवधिमा करिब रु ८४ अर्ब सरकारी ऋण थपिएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार नेपालको कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ४४ प्रतिशत नाघेको हो।




"चालु आवको सुरुमा कुल सार्वजनिक ऋण रु २४ खर्ब ३४ अर्ब नौ करोड रहेकामा कात्तिक मसान्तसम्ममा रु ८३ अर्ब ९५ करोड थप वृद्धि भई कुल सार्वजनिक ऋण रु २५ खर्ब १८ अर्ब पाँच करोड पुगेको छ", कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा भनिएको छ, "जुन कुल जिडिपीको ४४ दशमलव १४ प्रतिशत हुन आउँछ।"

विदेशी मुद्राको विनिमय दरमा भएको परिवर्तनका कारण गत असोज मसान्तसम्मको तुलनामा कात्तिक मसान्तसम्ममा रु चार अर्ब ९८ करोड बराबर सार्वजनिक ऋण घटेको प्रतिवेदनमा उल्लेख छ । कार्यालयका अनुसार कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण दायित्व रु १२ खर्ब ५२ अर्ब १६ करोड १८ लाख र बाह्य ऋण दायित्व रु १२ खर्ब ६५ अर्ब ८९ करोड ७२ लाख बराबर छ । जिडिपीका आधारमा ऋण प्रतिशत हेर्दा आन्तरिक ऋण २१ दशमलव ९५ प्रतिशत र बाह्य ऋण २२ दशमलव १९ प्रतिशत हो।

सरकारले चालु आवका लागि रु पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ । पहिलो चौमासिकसम्ममा रु एक खर्ब ६५ अर्ब ७२ करोड ऋण प्राप्त भइसकेको छ। वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ३० दशमलव ३० प्रतिशत हो। चालु आवका लागि सरकारले रु तीन खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेकामा वार्षिक लक्ष्यको ४३ दशमलव ६४ प्रतिशत अर्थात् रु एक खर्ब ४४ अर्ब पहिलो चौमासिकमा उठाएको छ।

त्यस्तै, रु दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने वार्षिक लक्ष्य रहेकामा कात्तिक मसान्तसम्ममा १० दशमलव एक प्रतिशत अर्थात् रु २१ अर्ब ७२ करोड ऋण लिइएको छ।

चालु आवमा सरकारी ऋणको साँवाब्याज भुक्तानी गर्नका लागि सरकारले रु चार खर्ब दुई अर्ब बराबर बजेट विनियोजन गरेको थियो।रासस

# तापक्रम वृद्धिलाई १.५ डिग्रीमा सीमित गर्नुपर्नेमा जोड

बाकु । विश्वमा बढ्दै गएको तापमान वृद्धिलाई रोक्न नसके जलवायुजन्य विपद्को भयावह अवस्था सिर्जना हुने भन्दै कार्वन उत्सर्जन कटौती गरेर तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्नुपर्नेमा जोड दिइएको छ।

अजरबैजानको बाकुमा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरुको २९औँ सम्मेलन (कोप-२९) मा उपस्थित अतिकम विकसित मुलुकका प्रतिनिधिहरुले कार्वन उत्सर्जन बढी गराउने मुलुकलाई उत्सर्जन कटौती गर्नुपर्नेमा जोड दिएका हुन्।

अतिकम विकसित मुलुकका समूह (एलडिसी)ले कार्वन उत्सर्जन गराउन प्रमुख भूमिका खेल्ने औद्योगिक मुलुकलाई उत्सर्जन कटौती गर्न नवीकरणीय ऊर्जाको प्रयोगमा जोड दिनुपर्ने, खनिज इन्धनको प्रयोग नगर्ने वा कम गर्नेलगायत माग राख्दै बाकुमा पैरवी गरिरहेका छन्। यदि खनिज इन्धन प्रयोग नगर्ने हो भने आफ्नो मुलुकको अर्थतन्त्र धरापमा पर्नसक्ने भन्दै इन्धन उत्पादक मुलुकहरु भने सहमतिमा आउन चाहेका छैनन्।

कोप-२१ को फ्रान्समा भएको पेरिस सम्झौताले पनि विश्वको तापमान वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा कायम राख्नेगरी सबैले आफ्नो राष्ट्रिय निर्धारित योगदान (एनडिसी) बनाएर कार्यन्वयन गर्नुपर्नेमा जोड दिएको थियो। पेरिस सम्झौता कार्यन्वयन गर्नैपर्ने र जलवायुको सङ्कटबाट पृथ्वीलाई जोगाउनुपर्नेमा बाकुमा जारी कोपमा जोड दिइएको छ।

सम्मेलनमा उपस्थित अतिकम विकसित मुलुकका प्रतिनिधिहरु कार्बन उत्सर्जन घटाएर पृथ्वीको तापक्रम वृद्धि एक दशमलव पाँच डिग्री कायम राख्न विकसित तथा औद्योगिक मुलुकहरु सशक्त नहुने हुन् कि भन्ने आशङ्कासहित चिन्तित देखिन्छ।




नेपालका वन तथा वातावरण मन्त्रालयका सचिव डा दीपककुमार खरालले विश्वको तापमान वृद्धि १.५ डिग्री सेल्सियस कायम नराखे नेपालजस्ता अतिकम विकसित मुलुकहरु जलवायुजन्य सङ्कटको मारमा पर्ने भन्दै तापमान वृद्धि सीमित राख्नुपर्नेमा नेपालसहितका मुलुकका प्रतिनिधिले निरन्तर पैरिवी गर्दै आइरहेका बताउनुभयो।

"विश्वमा तापमान गराउने मुख्य तत्व कार्बन उत्सर्जन हो। यसको कटौतीको लक्ष्य र त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ भनेर हामीले विगतका कोपमा पनि भन्दै आइरहेका थियौँ", उहाँले भन्नुभयो, "यस वर्षको कोपमा पनि यही मुद्दालाई निरन्तरता दिँदै तापमान वृद्धि सीमित गर्न पैरवी गर्ने स्थितिपत्र तयार गरेर ल्याएका थियौँ।"


नेपालले सन् २०२० को डिसेम्बरमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धिको सचिवालयमा दोस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी) पेस गरेको थियो। एनडिसीमा परिमाणात्मक र नीतिगत न्यूनीकरणका लक्ष्यहरुका साथै अनुकूलनका प्राथमिकताहरुसमेत निर्धारण गरेको थियो । नेपालले सन् २०२१ अक्टोबरमा स्वीकृत गरेको खुद शून्य उत्सर्जन दीर्घकालीन रणनीतिअनुसार सन् २०४५ सम्ममा उत्सर्जन न्यूनीकरण गर्दै दिगो रुपमा खुद शून्य उत्सर्जन हासिल गर्ने लक्ष्य राखेको छ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन माहाशाखा प्रमुख डा सिन्धुप्रसाद ढुङ्गानाले एनडिसी कार्यान्वयनका लागि नेपालजस्ता अतिकम विकसित मुलुकलाई जलवायु वित्त आवश्यक पर्ने भन्दै बाकुमा जारी कोपमा विकसित मुलुकहरुले जलवायु वित्तको आकार बढाउन प्रतिबद्ध हुनुपर्नेमा जोड दिनुभयो।

"अब कार्बन उत्सर्जन कटौती गरेर पृथ्वीको तापमान वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्नुपर्छ, नेपाल यो प्रतिबद्धता पूरा गर्न तयार छ । कार्बन उत्सर्जन बढी गराउने मुलुकहरुले पनि नैतिक दायित्व बढाएर उत्सर्जन न्यूनीकरणका नीति कार्यान्वयन गर्नुपर्छ भनेर पैरवी गरिरहेका छौँ", जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा ढुङ्गानाले भन्नुभयो, "कार्बन तटस्थ, समावेशी र उत्थानशील समाज निर्माणका लागि दीर्घकालीन रणनीतिले महत्वाकाङ्क्षी नीति निर्माण, सामाजिक सुधार, ऊर्जा प्रणालीमा रूपान्तरण गर्ने हाम्रो लक्ष्य छ । यसलाई कार्यान्वयन गर्न हामीलाई आवश्यकता अनुसारको जलवायु वित्त तथा प्रविधि सम्पन्न मुलुकहरुले उपलब्ध गराउनुपर्छ । हाम्रो आन्तरिक क्षमताले नभ्याउने विषय उठाउँदै भन्दै आएका छौँ ।" औद्योगिक मुलुकहरुले आनाकानी गर्दै अर्को वर्ष ब्राजिलमा हुने ३० औँ कोपका लागि भाका सार्ने हुन् कि भन्ने आशङ्का पनि उस्तै रहेको उहाँको भनाइ छ।

"आफ्नो मुलुकको अर्थतन्त्रमा ह्रास आउन सक्ने डरले कार्बन उत्सर्जन कटौतीसम्बन्धी अतिकम विकसित मुलुकका एजेन्डामा सहमति नहुने पो हो कि भन्ने उपस्थित प्रतिनिधिहरुलाई लागिरहेको छ", जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा ढुङ्गानाले भन्नुभयो, "पैरवी निरन्तर अगाडि बढिरहेको छ, निचोड आउँन बाँकी छ।"

लामो समयदेखि नेपालको हितका लागि नेगोसेसनमा भाग लिएर पैरवी गर्दै आइरहनुभएका जलवायुविद् मञ्जित ढकालले पनि कोपमा यतिबेला कार्बन उत्सर्जन कटौती गरेर तापमान वृद्धिलाई एक दशमलव तीनदेखि एक दशमलव पाँच डिग्री सेल्सियसमा कायम राख्नुपर्ने र जलवायु वित्तको आकार बढाउनुपर्ने 'एजेन्डा'मा पैरवी निरन्तर भइरहेको जानकारी दिनुभयो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कमिशनमुखी सरकार

मधेश प्रदेश सरकारले विकास निर्माणको कार्य हाल सम्म सुरु गरेको छैन् । सरुवामा कमिशन खाने र गैह्रसरकारीलाई कार्यक्रम बाँडेर रकम असुलीमा केन्द्रित छ । सरकारले सर्वाधिक असुली कर्मचारी सरुवामा गरिरहेको छ । त्यसमा मुख्यमन्त्री कार्यालयदेखि मन्त्रालय सम्म सर्वाधिक चासो लिएको पाइन्छ । कर्मचारी सरुवा र कमिशन असुलीमा एमालेका केही मन्त्रीहरुपनि अगाडी छन् । राजकुमार लेखी, सत्रुधन प्रसाद सिंह कोइरी, प्रमोद साह अगाडि देखिएका छन् । मुख्यमन्त्री पछाडि पर्ने विषय नै भएन् ।असुलीमा अर्थमन्त्री पनि पछाडि छैनन् । बाढीबाट प्रभावित भएका मधेश प्रदेशका सर्वसाधारण र किसानहरुले हाल सम्म राहत पाउन सकेका छैनन् । सरकारले किसानलाई राहत उपलब्ध गराएनन् । स्वास्थ्यको अवस्था कमजोर भएको छ ।मधेश प्रदेशमा आवश्यक कानुन निर्माण र विकास निर्माणको कामलाई प्राथमिकतामा नै राखेको छैन् ।मुख्यमन्त्री भाषणमा केन्द्रित छन् ।निम्तो नपाएको अयोध्या पुगेर मधेश प्रदेशको घोर बेइज्जती गराएका मुख्यमन्त्रीले प्रदेशमा रहेका बेथितिलाई समाधान गर्न चासो लिएको छैन् ।मुख्यमन्त्रीको आफ्नै दल जनमत पार्टीले समेत सरकार सुस्त भएको निष्कर्ष निकाल्दै गठबन्धन दलका नेताहरुको बैठक बोलाएको थियो ।बैठकले निकालेको निष्कर्षलाई समेत मुख्यमन्त्री सिंहले बेवास्ता गरेका छन् ।सरकारमा सहभागी दलका मन्त्रीहरु कमाउमा लागे पनि दलका नेताहरु चित्त बुझाइरहेका छैनन् ।सरकारले गति लिन नसक्दा हरेक दलका नेताहरु चिन्तित देखिएका छन् ।विपक्षी दलहरुले सरकारमाथि आक्रमक हुन थालेका छन् ।तर मुख्यमन्त्री ती सबैबाट बेखबर छन् ।उनी भाषणगर्दै कमिसन असुलीमा दिन काटिरहेका छन् ।सरकारको नेतृत्व सम्हालेको ५ महिना बितिसक्दा पनि मुख्यमन्त्रीले उल्लेख्य कुनै कार्य गर्न सकेका छैनन् ।सत्ता बाहिर रहँदा सरकार बिरुद्ध निरन्तर संघर्ष गर्ने जनमत पार्टी सरकारमा जाँदा जनतालाई पूर्ण रुपमा बिर्सेका छन् ।सत्तामा रहेर जनहितको कार्य गर्न असफल जनमत भएको छ ।मधेश प्रदेशमा सरकार रहेको अनुभूति आमनागरिकले कुनै क्षेत्रमा गर्न सकेका छैनन् ।मुख्यमन्त्री पदीय मर्यादालाई समेत बुझ्न सकेका छैनन् ।सरकारको ५ महिनाको मुल्यांकन गर्दा पूर्ण रुपमा असफल देखिएको छ ।विगतको सरकार भन्दा समेत कमजोर र निरीह जनमत पार्टी नेतृत्वको सरकार देखिएको छ ।जनमत पार्टीले संसदीय दलका नेतालाई ओझेलमा पारेर सतीश कुमार सिंहलाई मुख्यमन्त्री बनाएको हो ।तर मुख्यमन्त्री सिंह कमिशन असुलीमा केन्द्रित छन् ।संघीय सत्ता गठबन्धनमा समेत रहेको जनमत पार्टीले दुई वर्षमा मधेश प्रदेशका लागि कुनै काम गर्न सकेको छैन् ।मधेश प्रदेश सरकारले विगतमा स्थापना गरेका कृषि विश्वविद्यालय र मधेश विश्वविद्यालयलाई समेत धराशायी बनाउन लागिपरेको छ ।

# विश्व एन्टिमाइक्रोबियल प्रतिरोध जागरूकता सप्ताह २०२४



डा.केदार कार्की

विश्वभर एन्टिमाइक्रोबियल प्रतिरोध (एएमआर) बारे चेतना र बुझाइ बढाउन यस वर्ष नोभेम्बर १८ देखि २४ सम्म विश्व एन्टिमाइक्रोबियल प्रतिरोध जागरूकता सप्ताह मनाइँदैछ।विश्व एन्टिमाइक्रोबियल प्रतिरोध जागरूकता सप्ताह २०२४ मानिसहरूलाई शिक्षित गर्न, बलियो नीतिहरूको वकालत गर्न र एन्टिमाइक्रोबियल प्रतिरोध विरुद्ध लड्न निर्णायक कदम चाल्न प्रतिबद्ध गर्न मनाइँदैछ। एकताबद्ध प्रयास र प्रतिबद्धताले मात्र एन्टिमाइक्रोबियलको प्रभावकारितालाई आगामी वर्षसम्म सुरक्षित गर्न सकिन्छ।

विश्व एन्टिमाइक्रोबियल प्रतिरोध सचेतना सप्ताह २०२४ को विषयवस्तु "शिक्षित गरौं , पैरवी गरौं , अब कार्य क्रियाशील गरौं " हो। विषयवस्तु मानिस, जनावर, बोटबिरुवा र वातावरणीय स्वास्थ्यको क्षेत्रमा काम गर्ने व्यक्तिहरू बीचको अनलाइन सर्वेक्षणबाट प्राप्त प्रतिक्रियाको आधारमा छनोट गरिएको थियो, जसमा विश्वव्यापी रूपमा जम्मा द्ग्ण प्रतिक्रियाहरू थिए।

औषधि प्रतिरोधको कारण, एन्टिबायोटिक्स र अन्य एन्टिमाइक्रोबियल औषधिहरूले अब काम गर्दैनन् र संक्रमणहरू उपचार गर्न गाह्रो वा असम्भव हुन्छ, जसले रोग फैलाउने, गम्भीर रोग र मृत्युको जोखिम बढाउँछ।

एन्टिमाइक्रोबियल प्रतिरोध एक प्रमुख स्वास्थ्य खतरा बनेको छ, जसले जीवन बचाउने औषधिको डेलिभरी र विश्वव्यापी संक्रामक रोगहरूको व्यवस्थापनलाई असर गर्छ। यो वर्ष, विश्वले एन्टिमाइक्रोबियल प्रतिरोध सम्बन्धी २०२४ राजनैतिक घोषणालाई एन्टिमाइक्रोबियल प्रतिरोध सम्बन्धी ७९ औं संयुक्त राष्ट्र महासभाको उच्च-स्तरीय बैठक र जेद्दामा भएको चौथो विश्वव्यापी उच्च-स्तरीय मन्त्रीस्तरीय सम्मेलनमा ऐतिहासिक स्वीकार गरेपछि एन्टिमाइक्रोबियल प्रतिरोध जागरूकता सप्ताह मनाउँदैछ।

यस ऐतिहासिक घोषणाले महत्वाकांक्षी लक्ष्यहरू सेट गर्दछ, साथै एन्टिमाइक्रोबियल प्रतिरोधात्मक कार्यका लागि दिगो वित्तपोषण स्थापना गर्दछ, जसमा कम्तिमा ६० प्रतिशत देशहरू २०३० सम्म वित्त पोषित राष्ट्रिय कार्य योजनाहरू कार्यान्वयन गर्ने लक्ष्य सहित।

दक्षिण-पूर्वी एशिया क्षेत्रमा, एन्टिमाइक्रोबियल प्रतिरोधको सामना गर्न तत्काल आवश्यकता छ। उच्च जनसंख्या घनत्व, स्वास्थ्य सेवाहरूमा सीमित पहुँच, र एन्टिमाइक्रोबियल ड्रग्सको दुरुपयोगले एन्टिमाइक्रोबियल प्रतिरोधको जोखिम र प्रभावहरू बढाउँछ।

विकासोन्मुख देशहरू विशेष गरी बढी जोखिममा छन् भन्ने कुरालाई ध्यानमा राख्दै, दक्षिण-पूर्वी एसिया क्षेत्र थाइल्याण्ड, टिमोर-लेस्टे, पाराग्वे र माल्टाले पान अमेरिकी स्वास्थ्य संगठन, संयुक्त राष्ट्र संघ, वेलकम ट्रस्ट र सरकारहरू लगायत एन्टिमाइक्रोबियल प्रतिरोधको लागि समान विश्वव्यापी प्रतिक्रिया प्रवर्द्धन गर्न७९ औं संयुक्त राष्ट्र महासभा मा एक कार्यक्रमको आयोजना गऱ्यो। ।

> "सबै सुरक्षित नभएसम्म कोही पनि सुरक्षित हुँदैन ।यो विचार राजनीतिक घोषणाको आधार हो जसको हामी एक हिस्सा हौं। यसमा अब हामीले पहल गर्नुपर्छ । "यो मौन महामारी हामीले जित्नै पर्ने लडाई हो।"

विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ले पश्चिम प्रशान्त क्षेत्रीय कार्यालय र जापान सरकारसँग मिलेर ७७ औं विश्व स्वास्थ्य सम्मेलनमा दक्षिण-पूर्वी एसिया क्षेत्रको महत्वपूर्ण बैठकको सह-आयोजन गरेको बताएको छ, जहाँ एसियामा मानव स्वास्थ्य -प्यासिफिक क्षेत्र दक्षिण-पूर्वी एशिया र पश्चिमी प्रशान्त क्षेत्रका स्वास्थ्य नेताहरूले एन्टिमाइक्रोबियल प्रतिरोधमा संयुक्त स्थिति पत्र अनुमोदन गरेका थिए।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार, २०१९ मा विश्वभर १.२७ मिलियन मृत्युको लागि विश्वव्यापी ब्याक्टेरियल एन्टिमाइक्रोबियल प्रतिरोध प्रत्यक्ष रूपमा जिम्मेवार थियो।

एन्टिमाइक्रोबियल प्रतिरोध एक 'मौन महामारी' हो जसले मानव र पशुधनको स्वास्थ्यलाई मात्र नभई खाद्य सुरक्षा र विकासलाई पनि गम्भीर रूपमा असर गरिरहेको छ। आज विश्वव्यापी रूपमा कृषि क्षेत्रमा एन्टिबायोटिकको बढ्दो प्रयोग चिन्ताको विषय हो र मानिस, जनावर र बिरुवाहरूमा एन्टिमाइक्रोबियल औषधिहरूको अत्यधिक प्रयोग औषधि प्रतिरोधी कीटाणुहरूको वृद्धिको मुख्य कारण हो। एन्टिमाइक्रोबियल प्रतिरोधले सबै क्षेत्र र सबै आय स्तरहरूमा देशहरूलाई असर गर्छ। यसले गरिबी र असमानता झन् झन् बिग्रन्छ, कम र मध्यम आय भएका देशहरू सबैभन्दा बढी प्रभावित भएका छन्।

एन्टिमाइक्रोबियल प्रतिरोधले आधुनिक औषधिको धेरै फाइदाहरूलाई धम्की दिन्छ। यसले संक्रमणहरूलाई उपचार गर्न गाह्रो बनाउँछ र अन्य चिकित्सा प्रक्रियाहरू र उपचारहरू - जस्तै शल्यक्रिया, सिजेरियन सेक्शन र क्यान्सर केमोथेरापी - धेरै जोखिमपूर्ण बनाउँछ।

विश्वले एन्टिबायोटिक्स र तिनीहरूको पहुँचको संकटको सामना गरिरहेको छ। बढ्दो प्रतिरोधका कारण, अनुसन्धान र विकास चाहिने जति उच्च छैन, नयाँ र अवस्थित खोप, परीक्षण र औषधिहरूमा समान पहुँच सुनिश्चित गर्न थप उपायहरू तत्काल आवश्यक छ।

मृत्यु र अशक्तताको अतिरिक्त, एन्टिमाइक्रोबियलप्रतिरोधले पनि महत्त्वपूर्ण लागत निम्त्याउँछ। विश्व बैंकको अनुमान छ कि एन्टिमाइक्रोबियल प्रतिरोधले २०५० सम्ममा यु एस डा'लर १ ट्रिलियनको थप स्वास्थ्य सेवा लागत र २०३० सम्ममा यु एस डा'लर १ ट्रिलियन देखि यु एस डा'लर ३ .४ ट्रिलियनको कुल गार्हस्थ उत्पादन (जीडीपी)घाटा निम्त्याउन सक्छ।

एन्टिबायोटिक प्रतिरोध (ब:च) विश्वव्यापी स्वास्थ्यको लागि सबैभन्दा ठूलो खतरा बनिरहेको छ, विशेष गरी निम्न र मध्यम आय भएका देशहरूमा यो समस्या गम्भीर छ। अवस्था यो छ कि धेरै एन्टिबायोटिकहरू अब प्रभावकारी छैनन्। नयाँ एन्टिबायोटिकको पाइपलाइन लगभग सुकेको छ। यति मात्र होइन, नयाँ र पुरानो दुवै एन्टिबायोटिकको पहुँच र उपलब्धता पनि ठूलो चिन्ताको विषय हो । कृषि र गाईवस्तुको स्वास्थ्यलाई ध्यानमा राखी संक्रमण रोक्न र एन्टिबायोटिकको न्यायोचित प्रयोग गर्न आवश्यक छ । त्यसैगरी घोषणापत्रमा बजेटको आवश्यकतामा जोड दिइएको छ । यसमा राम्रो कृषि अभ्यास प्रवर्द्धन र जनावरहरूको उचित हेरचाह समावेश छ।


घोषणाले जनावर र बोटबिरुवाहरूमा एन्टिमाइक्रोबियल ड्रग्सको दुरुपयोग निम्त्याउने प्रमुख कारकहरूलाई पनि हाइलाइट गर्दछ। यसले यी औषधिहरूको सावधान र जिम्मेवार प्रयोगलाई पनि प्रोत्साहन दिन्छ। यसमा देशको परिस्थिति र समस्यालाई ध्यानमा राख्नुपर्छ ।

जनावरहरूलाई बढ्न मद्दत गर्न एन्टिबायोटिकको प्रयोगले रोगजनकहरूसँग सम्बन्धित समस्याहरू निम्त्याउन सक्छ जुन औषधिहरूले अब असर गर्दैनन्। यसका लागि हामीले क्रिटिकल एन्टिबायोटिकको प्रयोगलाई चरणबद्ध रूपमा अन्त्य गर्नुपर्छ।" यसले सन् २०३० सम्ममा विश्वव्यापी रूपमा कृषि र खाद्य प्रणालीमा एन्टिमाइक्रोबियल औषधिको प्रयोगलाई उल्लेख्य रूपमा घटाउने वाचा गरेको छ। यसमा प्रत्येक देशको अवस्थालाई पनि विचार गरी फोकस गरिनेछ। गाईवस्तु र वनस्पतिको स्वास्थ्यमा सुधार ल्याउन कृषि र गाईवस्तुको स्वास्थ्यलाई ध्यानमा राखी एन्टिबायोटिकको उचित प्रयोग गर्न आवश्यक रहेको छ, जसमा राम्रो खेती गर्ने अभ्यास र पशुहरूको उचित हेरचाहलाई पनि जोड दिइएको छ। "हामीले एन्टिमाइक्रोबियल प्रतिरोधको समस्यालाई सम्बोधन गर्न कृषि र वातावरणीय व्यवस्थापन अभ्यासहरूमा पुनर्विचार गर्न आवश्यक छ।

जनस्वास्थ्यमा एन्टिमाइक्रोबियल प्रतिरोधलाई सम्बोधन गर्ने प्राथमिकताहरूमा एन्टिमाइक्रोबियल ड्रग्सको अनुपयुक्त प्रयोगमा निम्त्याउन सक्ने सबै संक्रमणहरूलाई रोक्न समावेश छ। गुणस्तरीय निदान र संक्रमणको उचित उपचारमा सबैको पहुँच सुनिश्चित गर्दै। रणनीतिक जानकारी र नवाचार समावेश गर्दछ, उदाहरणका लागि, एन्टिमाइक्रोबियल प्रतिरोध र एन्टिमाइक्रोबियल खपत वा प्रयोगको निगरानी, र नयाँ खोप, परीक्षण र औषधिहरूको लागि अनुसन्धान र विकास।

"सबै सुरक्षित नभएसम्म कोही पनि सुरक्षित हुँदैन।यो विचार राजनीतिक घोषणाको आधार हो जसको हामी एक हिस्सा हौं। यसमा अब हामीले पहल गर्नुपर्छ । "यो मौन महामारी हामीले जित्नै पर्ने लडाई हो।"

# शान्ति सम्झौताका १८ वर्ष - दमननाथ र पद्मरत्नलाई सम्झँदा



युवराज आचार्य



गत मङ्गलबार मध्यराति एउटा इमेल आयो, विद्याधर मल्लिकलाई सम्बोधन र नेपाल शान्ति प्रतिष्ठानसँग आवद्ध अरू आठजनालाई कपि गरेको । हेरेँ शान्ति र द्वन्द्व व्यवस्थापनका विश्व प्रसिद्ध प्राध्यापक जोन पल लेदरकको रैछ, नेपालको शान्ति प्रक्रियाका दुई वरिष्ठ सहजकर्तामध्ये एक दमननाथ ढुङ्गानाको निधनमा दुःख व्यक्त गर्न इमेल लेखेका रहेछन्, जोन पलले । "मलाई फेरि नेपाल भ्रमण गर्न मन छ, तर अब म दुईजना दाइहरू- दमन र पद्मरत्नसँगै बस्न भने पाउने छैन । यति धेरै सम्झना छन् र वर्षौंका लागि यस्ता यस्ता प्रेरणा....।'' त्यसै बेला ह्वाट्स ग्रुपको अर्को सन्देश देखेँ, 'आज शुरु हुने संवाद सम्मेलनको सफलताको कामना' बारे ।

सुत्नेबेलाको जस्तोसुकै सन्देश होस्, त्यसले निद्रा बिगार्छ, केहीबेर भए पनि । सन्देशको विषयवस्तुमा अर्थात अतितमा फर्काउँछ र दिमागमा केही नयाँ सोच उत्पन्न गराउँछ । 'दुईजना दाइ' र 'संबादको संस्कृति' दुई विषय धेरैबेर मेरो दिमागमा घुमे, निद्रा बिथोल्ने विषय बनेर । नेपाली मात्रै होइन, विदेशी विद्वानहरूले समेत 'दाइ' भन्ने दुवै दाइको देहावसान, १२-बुँदे सम्झौता र बृहत शान्ति सम्झौता सबैको एउटा नोभेम्बर संयोग रहेछ ।

पद्मरत्न दाइ सन् २०१८ को नोभेम्बर ४ मा बित्नु भएको थियो त्यसको छ वर्ष १३ दिन थप बाँचेर दमन दाइ नोभेम्बर १७, २०२४ मा बित्नुभयो, शान्ति सम्झौताले १८ वर्ष पूरा गर्नु चार दिनअघि । यही संयोगको चर्चा पनि हामीले दाइहरूसँग अनेकपल्ट गरेका थियौँ, एकजना खाँटी काँग्रेस अर्को खाँटी कम्युनिष्ट कसरी काँग्रेस र कम्युनिष्टका खाँटी संयुक्त दाइ बन्नु भयो ? दुवै जनाको एउटै उत्तर हुन्थ्यो, 'संयोग' । संयोगले दुई दाइलाई एकठाउँ ल्यायो होला, थालनी कुनै उद्देश्य-प्रेरित थियो होला तर दुई दाइको सम्बन्ध पछि अत्यन्तै भावनात्मक भयो । मैले उहाँहरू एक्लाएक्लै हुँदा एक/दुई पटक मात्रै भेटेँ, सङ्गत गरेको भने दुईजना संयुक्त दाइ भैसकेपछि हो ।

पहिलोपटक पद्मरत्न दाइसँग सँगै ट्याक्सीमा उहाँको घरबाट सोल्टी होटल गयौँ । श्रीलङ्कामा कार्यालय रहेको रिजनल सेन्टर फर स्ट्र्याटिजिक स्टडिजको कुनै कार्यक्रममा भाग लिन आएका श्रीलङ्काली द्वन्द्वविद कुमारा रुपसिङ्घेलाई भेट्न । यो २०६०/६१ सालतिरको कुरा होला । पद्मरत्न दाइको शान्तिको चाहना ओठे होइन, हृदयदेखि आएको हो भन्ने मैले उहाँको रुपसिङ्घेसँगको वार्ताबाटै गहिरोसँग बुझेको हुँ । बिहान पद्मरत्न दाइसँग गफ गरेका रुपसिङ्घेले त्यही दिउँसो आर्किड होटलमा लेक्चर दिए नेपालले यसो गर्नु पर्छ, उसो गर्नु पर्छ भन्दै । हुबहु पद्मरत्नदाइका कुरा त्यहाँ थिए र सबैजसो मिडियाले प्राथमिकतासाथ छापेका थिए, नेपालीकै कुरा विदेशीको मुखबाट निस्केको थियो ।

म अनमिनमा हुँदा अलि अलि भेट भए तर म युएनडिपीमा गएपछि शान्ति निर्माणको एउटा प्रोजेक्टमा दाइहरूको अनुभव तल्लो तहका राजनीतिक कार्यकर्ता र द्वन्द्वका पक्षहरूसँग लैजाने एउटा कार्यक्रम डिजाइन गर्‍यौं । स्थानीय तहमा संवादको संस्कृति प्रवर्द्धन गर्ने, संवादको सहजकर्ताको सहजीकरण क्षमता बढाउने सो कार्यक्रमका क्रममा नै हो मैले दाइहरूसँग लामो, गहिरो सङ्गत गर्न पाएको, धनकुटादेखि धनगढीसम्म कहिले एक हप्ता, दुई हप्तासँगै डुलेको ।

जोन पलले दाइअहरूमा ठूलो बौद्धिक क्षमता देखे होला, दुईजनाको संयुक्त पहलमा शान्तिलाई प्रभाव पार्न सक्ने शक्ति देखे होला, उनले आफूले संसारभरिका द्वन्द्व व्यवस्थापनको अध्ययन गर्दा दाइहरूको शैलीलाई कुनै सिद्धान्त लगाएर हेरे होला र त्यसबाट कुनै सिद्धान्तको प्रयोग वा प्रतिवादन नै गरे होला । त्यो क्षमता ममा छैन । मैले एक मान्छे, उसको भावना, लगाव, इच्छा, तत्परता जस्ता सामान्य मानवीय पक्ष मात्रै पढ्न सकेँ ।

विसं २०७४ तिरको होला, एउटा लामो मधेश यात्रामा दमन दाइ म र पत्रकार चन्द्रकिशोर घुम्दै थियौँ । दाइ जवान हुँदाका चिनजानका मान्छेका घर समेत खोज्दै गयौँ, सर्लाहीतिरका कोइराला, महोत्तरीका मिश्रदेखि राजविराजका खुशीलाल मण्डलसम्मका घर । त्यो बेला दाइको स्मृतिलाई २०२७/२८ सालतिर धकेल्न मैले थोत्रो टेम्पो र रिक्सामा हालेर उहाँलाई जयनगर समेत पुऱ्याएँ । दाइ र म दुवै त्यहाँ पुगेपछि एकछिन लोस्टाल्जिक भयौँ । दाइको काँग्रेस राजनीतिको माडर-जयनगर कनेक्सन, मेरो जीवनको पहिलो फिल्म, 'हात्ती मेरा साथी' हेरेको ठाउँ । दाइले नौजवान काँग्रेसी ठिटो हुँदा खद्दरको कुर्ता किनेको ठाउँ खोज्नुभयो, हामीले गम्छा-सम्छा केही किन्यौँ र सिरहा फर्कियौँ । इतिहास र राजनीतिमा रूची भएकाले दमन दाइसँग म नौ-दश दिन लामा यात्रामा निस्कँदा मेरो रूची नै इतिहास कोट्याउनु हुन्थ्यो ।

दोस्रो संविधानसभाको चुनाव आउँदै थियो, हामी एकदिन धनगढीमा थियौँ । एउटा समाचार आयो वैद्य समूहको आक्रमणमा ट्रक चालक मारिए, कता बम पड्कियो, .... । अघिल्लो संविधानसभा असफल भयो, यो दोस्रो संविधानसभा चुनाव हिँसाको मारमा पऱ्यो भने अहिलेसम्मको शान्ति प्रकृया के हुन्छ ? यात्रामा दुई दाइको गफ यसैमा केन्द्रित थियो । मलाई एकजना वैद्य समूहका नेताले धेरै केन्द्रीय सदस्यहरू कैलालीको पहाडी क्षेत्र सुगरखाल कि कुनै गाउँतिर हुनुहुन्छ भन्ने सूचना दिनुभयो । हाम्रो योजना बन्यो उनीहरूलाई भेट्ने । नौ-दशजना केन्द्रस्तरका नेता कर्णाली किनारासम्म झर्ने, हामी त्यहाँ पुग्ने चाँजो मिलायौँ । दुई दाइको बुझाइ कति गहिरो छ भन्ने कुरा त्यहाँको छलफलमा देखियो । सन्देश प्रष्ट थियो न नागरिक समाज, न विदेशी, न पार्टीकै कार्यकर्ताको ठूलो पङ्क्ति थप द्वन्द्व बेहोर्ने-सहने पक्षमा छन् । त्यसैले थप हिँसाले एउटा क्रान्तिकारी धारको बिसर्जन गर्नेछ । वैद्य समूहका नेताको तर्क थियो यो चुनावले टालटुले संविधान बनाएर यथास्थितिलाई संस्थागत गरिदैछ ।

ठट्टा गर्दै मैले कति पटक सोधेको छु, दमनदाइ कम्युनिष्ट हुनुभाको कि पद्मरत्न दाइ काँग्रेस हुनुभा'को दुवैको एउटै स्वर सुन्दा छुट्याउन गाहे छ । दाइहरूको एउटा जवाफ सम्झन्छु, अन्तरआत्मामा काँग्रेस-कम्युनिष्ट छिर्दैन, शान्ति, सामाजिक न्याय र मानवाधिकार जस्ता केही विषय हाम्रो अन्तरआत्माबाट आएकाले होला पार्टी नछुट्टिएको । बोलीमा यदाकदा दाइको संस्कार देखिन्थ्यो, दमन दाइको "नानी, तिमी...", पद्मरत्न दाइको सधैँ "फलाना जी, तपाइँ'' । तर राष्ट्रिय दाइको सम्मान पाएका दुवैका संबोधनमा भएका यी साना वैयाकरणीय फरकपना कसैले ख्यालै नगर्ने । त्यसैले दुई दाइहरूको सम्बन्ध विचार, कुनै लक्ष्य वा उद्देश्यले भन्दा अन्तरआत्माले जोडेको थियो जस्तो लाग्छ ।

हरेक बिहीबार भेट्ने, देश, राजनीति, समाज कता जाँदैछ भनेर छलफल गर्ने चिया पिउने र छुट्ने । नेपाल शान्ति प्रतिष्ठानको नियमित जस्तै कार्यसूची हो । पद्मरत्न दाइको मृत्युपछि अलि पातलिए पनि स्वास्थ्यले साथ दिएसम्म दमन दाइ र डा.वीरेन्द्रप्रसाद मिश्रले बिहीबारे बैठक छुटाउन मन गर्नु भएन । तर कुरा गर्दा कुनै अदृश्य तर गहिरोसँग कोरिएको रेखाले सीमाको काम गर्दो रहेछ । दमनदाइको गम्भीर राजनैतिक-सामाजिक कुरामा थोरै अरूची चाहिँ बढेको थियो पद्मरत्न दाइको अवसानपछि । धेरै चोटी अब मेरो नि पालो आइसक्यो भन्नुहुन्थ्यो । हामी भन्थ्यौँ कालले सूची बनाएर पालो तोकेर लैजाँदैन दाइ ।

पद्मरत्न दाइको मृत्युको एक/दुई महिना दाइको केही गर्ने जाँगर देखिएन, तर एकदिन अचानक बिनोद भट्टराइले अर्को कसले मेरो अलि अलि स्मरण डकुमेण्ट गरेको छ, हेर्नु त । मैले दुई वटा कम्प्युटर खोजेपछि केही फाइल फेला पारेँ । दाइ कहिले काहिँ दिउँसो एक्लै पनि आउने, मैले बीसौँ पटक लेख्न थालौँ दाइ, थाले सकिन्छ, पूरा तयारी गरेर थाल्छु भन्दा थाल्ने समय लाग्छ । मैले ६० वटा जति प्रमुख घटना सम्झनुस्, एक पेज मात्रै लेख्नुस्, तन्काउने काम अरूको हो भनेँ । राजी हुनु भएको थियो तर थाल्दै थाल्नु भएन । दाइ काममा नि परिपक्वतावादी, उहाँले 'थाल्दै गर्ने', साना निबन्धलाई पछि तन्काउने भन्ने मेरो तरिकालाई स्वीकार नै गर्नु भएन, दमन ढुङ्गानाको आत्मकथा आयो भनेपछि समाजले गम्भीर रूपमा हेर्छ भन्ने मनोविज्ञान दाइमा थियो । दाइको दिमागबाट एकैपल्टमा निस्कने गम्भीर लेखनको भूतले छोडेन । पद्मरत्न दाइ जीवित हुँदै आधा दर्जन जति भिडियो मेकर, लेखक आए, दमन दाइको नै अन्तर्वार्ता समेत गरे तर दमन दाइले लेखनलाई सामान्यीकरण गर्ने सक्नु भएन, लेखन भनेको ठूलो विषय बनाएरै बस्नुभयो ।

माथि भने झैँ धनगढीदेखि धनकुटासम्म यात्रा गर्दा नि दाइको ६०-६५ वर्षको स्मरण नदोहोरिने । विशेषगरी कुनै घटनामा दमन दाइ र पद्मरत्न दाइको अनुभूति अति नै चाखलाग्दा । २०४६ सालको आन्दोलनका बेला जेल सरुवा गरेर रसुवा लैजाँदाको अनुभूति, सभामुख नियुक्त भएपछि संसदको पहिलो अधिवेशन आह्वान गर्ने विषयमा दरवारसँग भएको खटपट, काँग्रेस सभापति गिरिजाप्रसाद कोइरालासँग भएको असमझदारीदेखि २०७४ सालको चुनाव लड्ने निर्णयसम्मका दमन दाइका कथा नलेखिइ मरे । पद्मरत्न दाइका दरवारको भेटने निम्तो आएका दिन दौरा सुरुवाल नभएर भएको छटपटि, ३० मिनेटको भनेको भेट राजा वीरेन्द्रले डेढ घण्टा लम्ब्याएको प्रसङ्ग, गाइ काट्ने प्रसङ्ग आदिका समाचार त पढियो । कति ठूलामान्छेको सामाजिक जीवन मात्रै समाजले देख्छ कारण उनीहरूको निजी जीवन आफ्नै व्यक्तित्वको ओझेलमा परेको हुन्छ । मलाई चाहिँ राजनीति, दर्शनका ठूला-ठूला कुराभन्दा उनीहरूका व्यक्तिगत अनुभूतिले बढी बाँध्छ ।

राजनीति, इतिहासपछि हामीले धेरै गफ गरेका अर्का दुई विषय थिए मृत्यु र स्वास्थ्य । सन् २०१२-१३ तिर होला हामी भेडेटार पुगेका थियौँ, एकजना पूर्व राजदूतले दमन दाइ र पद्मरत्न दाइलाई लिएर धनकुटा जानुभयो । त्यहाँ नागरिक समाज भेला भएर भाषणबाजी चलेछ राति ८ बजेसम्म । दुवै दाइको औषधिको समय घड्कयो, खानाको सन्तुलन बिग्रियो । उहाँहरूको अनुहार हेर्दा अत्यन्तै शिथिल । यात्रामा मैले खाना र औषधि चाहीँ अत्यन्तै ख्याल गर्ने दुई विषय हुन्, त्यो दिन दुबै बिग्रियो । खाना खाँदा दमनदाइले भन्नुभयो यो उमेर भयो, यस्तैमा फुस्स गइन्छ कुन दिन । मैले भने, "कालले उमेर हेर्छ र दाइ ?" तर पनि दाइहरूको उमेर र स्वास्थ्य हेरेर डर चाहिँ लागि रहने । अलगअलग कोठामा सुत्नु भएको दाइहरूको ढोकाको प्वालमा कान थापेर राति पनि पट पटक घुरेको आवाज सुनेको छु । सायद मैले खाना, औषधि, र आरामलाई बढि महत्व दिएको देखेरै दाइहरू विश्वस्त हुनुभयो होला, काठमाडौं बाहिर जाँदा परिवारका सदस्य लैजान छोड्नुभयो ।

मृत्यु साश्वत हो । ७७ वर्ष वा ८२ वर्ष अर्थपूर्ण जीवन बाँचेर मर्नु 'असामयिक' होइन । दुई दाइको एउटा बिरासत छ, त्यसको निरन्तरता भने अब छैन । अर्थात् काँग्रेस-कम्युनिष्टमा विभाजित हाम्रो राजनीतिक समाजमा साझा दाइ वा दिदी छैनन् । बिरासतलाई जोगाउने उहाँहरूका स्मरण आदि हुन्, पद्मरत्न दाइका केही विचार प्रकाशित छन्, पुस्तककै रूपमा तर दमन दाइका स्मरण केही नजीकका सहयोगीसँग सुरक्षित छन कि छैनन् थाहा छैन् । मलाई अहिले पछुतो छ, दश-पन्ध्र वर्ष सङ्गत गर्दा, तीन/चार वर्ष तुलनात्मक रूपमा फुर्सदै हुँदा मैले त्यो काम गर्नु पर्थ्यो । मैले सोचेको नि हो, तर गर्न सकिन ।

शान्ति सम्झौताको १८ वर्ष पूरा भएका दिन आज म दुई दाइलाई स्मरण गर्न चाहन्छु । दमन दाइसँगको अन्तिम भेट नि भदौ १५ मा थियो त्यो पनि शान्ति सम्झौताकै अभिन्न अङ्ग, सङ्क्रमणकालीन न्यायका सन्दर्भमा । शान्ति प्रकृयामा प्राप्त गरेका उपलब्धिको समीक्षा गर्ने बेला समेत भएको छ । संविधान बन्यो, सेनाको व्यवस्थापन भयो तर सङ्क्रमणकालीन न्यायको मुद्दा आफ्ना मान्छे राखेर आफू अनुकूल गर्ने दाउपेचमै लड्किरहेको छ, आर्थिक-सामाजिक रूपान्तरणको मुद्दा कसैले उच्चारण गर्न छोडिसके । सफलता र गर्न बाँकी काम सम्झँदा दुबै दाइको निरन्तरको चासोहरू झनै सम्झना आउँछन् । दुबै दाइहरुप्रति हार्दिक श्रद्धाञ्जलि । (लेखक पत्रकार एवं नेपाल शान्ति प्रतिष्ठानको महासचिव हुनुहुन्छ)रासस

# माओवादी नेतृत्वमा ऐतिहासिक कामहरू भएका छन् : अध्यक्ष दाहाल



गोरखा । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी नेतृत्वको सरकारले देशमा ऐतिहासिक कामहरू गरेको बताउनुभएको छ । नेकपा (माओवादी केन्द्र) गोरखाले सदरमुकाममा आज आयोजना गरेको एक कार्यक्रममा उहाँले संविधान कार्यान्वयनसँगै देशमा सुशासन, उज्यालो नेपाल निर्माणलगायत महत्त्वपूर्ण काम माओवादीको नेतृत्वमा सम्भव भएको बताउनुभयो ।

अध्यक्ष दाहालले भन्नुभयो, "एउटा ठूलो अन्धकारबाट उज्यालोतिर देशलाई लैजाने काम हामीले गर्‍यौँ, त्यो माओवादीले गरेको एक ऐतिहासिक काम हो ।" उहाँले १८ घण्टासम्म लामो लोडसेडिङबाट जनता आजित भएका बेला तत्कालीन माओवादी नेतृत्वको सरकारले गरेको लिएको नीति र प्राधिकरणमा सही नेतृत्वलाई जिम्मेवारी दिएका कारण देश लोडसेडिङबाट मुक्त भएको बताउनुभयो ।

अध्यक्ष दाहालले माओवादीले गरेका राम्रा कामलाई जनताका बीचमा पुर्‍याउन हिचकिचाउन नहुने भन्दै तीनै पटक माओवादीले सरकारको नेतृत्व गर्दा जनताको पक्षमा काम गरेको दाबी गर्नुभयो ।

"पहिलो पटक सरकारकोनेतृत्वमारहँदामध्यपहाडी लोकमार्गको प्रस्ताव गर्‍यौँ", उहाँले भन्नुभयो, "त्यो अहिले सम्पन्न हुने अवस्थामा छ, यो माओवादीको देन हो, त्यसैपटक ३० हजारभन्दा कम ऋण हुने किसानको ऋण मुक्त गर्ने काम पनि हामीले गर्‍यौँ ।"

तेस्रो पटक सरकार रहँदा सुशासन र भ्रष्टाचारविरुद्ध इतिहासमै पहिलोपटक रेर्कड हुने किसिमले भ्रष्टाचारीमाथि कारबाही प्रक्रिया माओवादीको नेतृत्वको सरकारले गरेको अध्यक्ष दाहालले स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "सामाजिक न्याय चाहे नागरिकताको विषय होस्, चाहे मिटरब्याजीको समस्या समाधानको विषय होस्, चाहे सामाजिक सुरक्षा कोषमा विदेशमा रहेका नेपाली युवाहरू र देशभित्रका पनि श्रमिकलाई आबद्ध गर्ने कुरा होस् त्यो हाम्रो नेतृत्वको सरकारले गर्‍यो ।"

माओवादी आफ्नो वर्गसँग जोडिनुपर्ने सवालमा केही कमजोरी भएको स्वीकार गर्दै अध्यक्ष दाहलले अब फेरि जनतासँग जोडिएर देश, जनता र लोकतन्त्रकाविरुद्ध हुने सबैखालका षडयन्त्रलाई चुनौती दिएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# लोकतन्त्र, सुशासन र विधिको शासनको पक्षमा जागरणसभा : एमाले नेता ज्ञवाली

काठमाण्डु । नेकपा (एमाले) का उपमहासचिव प्रदीप ज्ञवालीले राजनीतिक स्थातित्व, सुशासन, विकास र समृद्धिका बारेमा आमजनतालाई सुसूचित गराउने उद्देश्यले यही मङ्सिर ७ गते काठमाडौँमा जागरणसभा गर्न लागेको बताउनुभएको छ ।



एमालेसम्बद्ध काठमाडौँ उपत्यकास्तरीय पार्टी कमिटीहरूको संयुक्त आयोजनामा हुन गइरहेको जागरणसभासहित समसामयिक राजनीतिक विषयमा सम्पादकहरूसँगको अन्तरसम्बादमा नेता ज्ञवालीले लोकतन्त्र र विधिको शासनमा विश्वास गर्ने सबैलाई सो कार्यक्रममा सहभागी हुन अनुरोध गर्नुभयो ।

सम्पादकहरूको जिज्ञासामा नेता ज्ञवालीले प्रजातन्त्रको पुनःस्थापनापछि सडक सञ्जाल, शिक्षा, स्वास्थ्य, सञ्चारलगायतका सबैक्षेत्रमा उल्लेख्य प्रगति भएको चर्चा गर्दै लोकतन्त्र स्थापनापछि मुलुकमा भएका राम्रा कामको प्रचारप्रसार गरी फैलाइएका भ्रम र हल्ला चिर्नुपर्ने दायित्व अहिले मुलुकका जिम्मेवार राजनीतिक पार्टी, नागरिक समाज र आमजनताको काँधमा आएको बताउनुभयो ।

नेता ज्ञवालीले भन्नुभयो, "पछिल्लो समय मुलुकमा अराजकता र अस्थिरता चाहने पक्षधर योजनाबद्ध रूपमा लोकतन्त्र समाप्त पार्ने गतिविधिमा सरिक भएको देखिन्छ, लोकतन्त्र र विधिको शासनको विकल्प छैन, लोकतन्त्र, राजनीतिक स्थिरता र सुशासनका पक्षमा एक ठाउँमा उभिन सबैसँग अपिल गर्दछु ।"

उपमहासचिव ज्ञवालीले नेपालको विद्यमान संविधान कार्यान्वयन भएको करिब नौ वर्षको यस अवधिमा देखिएका कमीकमजोरीलाई शुक्ष्मरूपमा समीक्षा गरी सरोकारवाला भएका सबैको उचित रायसुझावलाई समेत समेटेर राष्ट्रिय सहमतिका साथ संविधान संशोधन गर्नुपर्ने पक्षमा एमाले रहेको स्पष्ट पार्नुभयो । एमाले बागमती प्रदेश इन्चार्ज तथा जागरणसभा कार्यक्रमका संयोजक डा राजन भट्टराईले उपत्यकास्तरीय एमाले सम्बद्ध सङ्घ, सङ्गठनद्वारा आयोजना हुने जागरणसभमा एक लाख मानिसको उपस्थिति हुने अपेक्षा गरिएको बताउनभयो । नेता डा भट्टराईले काठमाडौँ भद्रकालीबाट जुलुस सुरु भई रत्नपार्क हुँदै दिउँसो दरबारमार्गमा हुने सो जागरणसभालाई एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीसहित पार्टीका वरिष्ठ नेताहरूले सम्बोधन गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो ।

सो अवसरमा पार्टी प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले लोकतन्त्र, विकास र सुशासनको पक्षमा जनतालाई सुसूचित गराउने उद्देश्यका साथ आमजनताको सहभागितामा शान्तिपूर्ण ढङ्गबाट जागरणसभा सम्पन्न गरिने बताउनुभयो ।रासस

# लोकतन्त्रको विकल्प अन्य व्यवस्था हुन सक्दैन : गृहमन्त्री लेखक



दाधारा चाँदनी । गृहमन्त्री रमेश लेखकले लोकतन्त्रको विकल्प कुनै व्यवस्था हुन नसक्ने बताउनुभएको छ । नेपाली कांग्रेस जिल्ला कार्यसमिति कञ्चनपुरले आज आयोजना गरेको घेटघाट कार्यक्रममा गृहमन्त्री लेखकले लोकतन्त्रको विकल्प हुनै नसक्ने स्पष्ट पार्नुभयो ।

"लोकतन्त्रमा जनताका अधिकारको सुरक्षा गर्ने, स्वतन्त्रता प्रदान गर्ने जनताको व्यवस्था हो," गृहमन्त्री लेखकले भन्नुभयो, "त्यसैले अहिलेको शासन व्यवस्थालाई हामीले सुदृढ गर्दै लग्नुपर्छ यसैमा जनताको विश्वास र भरोसा जगाउनुपर्छ ।"

मुलुकमा तीन/तीन महिनामा संसद्मा प्रधानमन्त्रीले विश्वासको मत लिइराख्नुपर्ने अवस्था सिर्जना भएकाले संसद्का दुई ठूला दल मिलेर सरकार बनेको उहाँको भनाइ थियो । गृहमन्त्रीले भन्नुभयो, "एमाले र कांग्रेस मिलेर सरकार बनेको छ, यो सरकारको उद्देश्य देशमा स्थिरता कायम राख्ने र सुशासन कायम राख्नु हो ।" उहाँले जनजीविकाको सवाल र मुलुकमा आर्थिक उन्नति गर्ने सवालमा सरकार क्रियाशील भएर लागेको बताउनुभयो ।

देशमा विधिको शासन कायम गर्न सरकार पूर्णरूपले लागि परेको गृहमन्त्री लेखकको भनाइ थियो । उहाँले पछिल्लो समय अपराधजन्य घटना वृद्धि भइरहेको बताउनुभयो । "लागुऔषधअहिलेसबैभन्दाठूलो समस्याका रूपमा देखिएको छ, युवाहरू लागुऔषधका कारण अपराधजन्य क्रियाकलाप भइराखेका छन्", उहाँले भन्नुभयो, "यी समस्यालाई पनि गहिरो ढङ्गले अध्ययन गरेर अगाडि बढ्नुपर्ने अवस्था छ ।"

गृहमन्त्री लेखकले सुशासन कायम राख्न र भ्रष्टाचार न्यूनीकरण गर्न सरकारले अत्यन्तै मेहनतका साथ काम गरिराखेको बताउनुभयो । रासस

# राष्ट्रपतिद्वारा 'नेपालका निधि' पुस्तक लोकार्पण

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले समाजमा पछाडि परेका क्षेत्र र वर्गको हित तथा आम नागरिकको जीवनस्तर सुधार गरेर यही व्यवस्थामा मात्रै मेरो भविष्य सुरक्षित छ भन्ने जनतालाई भरोसा जागृत गराउनु सङ्घीय लोकतान्त्रिक गणतन्त्रको लक्ष्य भएको बताउनुभएको छ ।



राष्ट्रपति भवन शीतल निवासमा बुधबार आयोजित महेन्द्रनारायण निधिको सङ्घर्षमय जीवनीमा आधारित 'नेपालका निधि' नामक पुस्तक लोकार्पण गर्नुहुँदै उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको यो लक्ष्य पूरा गर्न न्यायपूर्ण, समावेशी र समृद्ध आधुनिक नेपाल बनाउने काममा सबै जुट्नुपर्ने बताउनुभयो ।

राष्ट्रपति पौडेलले जनतामा भरोसा जगाउनका लागि शासन प्रणाली पारदर्शी जवाफदेही र सुशासन पहिलो सर्त भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "सत्ता र शक्तिमा बस्नेका कमजोरीले लोकतन्त्रका शाश्वत मूल्यमान्यता अनि पवित्रतालाई धुमिल बनाउने अवस्था आउन दिन हुँदैन । यो कुरामा ध्यान दिन सके नै लोकतन्त्रको मूल्यमा कसैसँग सम्झौता नगर्ने निधिजी लगायतका अग्रजहरूप्रति सच्चा सम्मान हुनेछ भन्ने पनि म ठान्दछु ।'

राष्ट्रपति पौडेलले महेन्द्रनारायण निधिका बहुआयामिक व्यक्तित्व, नेपालमा लोकतन्त्र स्थापना र पुनर्स्थापना तथा सामाजिक, सांस्कृतिक जागरणबारे जान्न र बुझ्न चाहनेका लागि पनि सङ्ग्रहणीय सामग्री हुने स्पष्ट पार्नुभयो ।

उहाँले महेन्द्रनारायण निधि बिपी कोइराला र समाजवादी नेता डा राममनोहर लोहियाका चिन्तनबाट प्रभावित हुनुभएका महेन्द्रनारायण निधि नेपालको लोकतान्त्रिक आन्दोलनको अग्रणी व्यक्ति भएको बताउँदै उहाँले देशको राजनीति, आर्थिक र सामाजिक परिवर्तनका लागि आफ्नो जीवन समर्पित गर्नुभएको स्मरण गर्नुभयो । उहाँले भन्नुभयो, "जहानियाँ राणाशासन र एकदलीय पञ्चायत मात्र होइन रूढीवादी, पछौटेपन तथा कुसंस्कारबाट मुक्त गरी नेपाली समाजलाई परिवर्तनको उज्यालो मार्गमा अघि बढाउन निधिजीले खेल्नुभएको भूमिका सदैव अनुकरणीय छ । राजनीतिक जीवनका अनेकौँ उतारचढावका दिनमा मैले निधिजीलाई अन्यन्त, धैर्यवान्, सरल, सादगी नेताका रुपमा चिन्ने र बुझ्ने मौका पाएको छु ।"रासस

# नेपाल ओलम्पिक कमिटीलाई पारदर्शी रुपमा सञ्चालन गर्न प्रधानमन्त्रीसँग माग

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष बेसबल खेल क्षेत्रका विभिन्न संस्थाले नेपाल ओलम्पिक कमिटी (एनओसी) लाई विधिसम्मत् र पारदर्शी रुपमा सञ्चालन गर्न माग गरेका छन् ।




प्रधानमन्त्री निवास, बालुवाटारमा बुधबार ती संस्थाका प्रतिनिधिले ओलम्पिक कमिटीले नैतिक प्रशासनको मापदण्ड पालना गर्न, परादर्शिता, समावेशिता र लोकतन्त्रलाई प्रवर्द्धन गर्ने अन्तर ाष्ट्रिय दिशानिर्देशहरुसँग मिल्दोजुल्दो गराई नेपाली खेलकुदको भविष्य सुनिश्चित गर्न माग गरेका हुन् । उनीहरुले अध्यक्ष जीवनराम श्रेष्ठ नेतृत्वको ओलम्पिक कमिटीले आफूहरुलाई वर्षौंदेखि मान्यता नदिएको र तेस्रो कार्यकालका लागि कमिटीको विधान संशोधनको प्रयास गरेकाले सरकारबाट आवश्यक निर्देशन भई त्यस्ता गतिविधि रोक्न आग्रह गरेका छन् ।

प्रधानमन्त्री ओलीले राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता र विधिलाई ख्याल गर्दै खेल क्षेत्रका निकाय र संस्थाले आफूलाई पारदर्शी बनाउनुपर्नेमा जोड दिनुभएको थियो ।भेटका अवसरमा नेपाल इक्वेस्ट्रियन सङ्घका अध्यक्ष रवि राजकर्णिकार, नेपाल बेसबलका अध्यक्ष दीपक न्यौपाने, नेपाल स्केटिङ तथा स्केटबोर्डिङ सङ्घका अध्यक्ष अच्युत खनाल, नेपाल रुग्बी सङ्घका महासचिव गोविन्द घिमिरे, नेपाल क्लाइम्बिङ स्पोर्टस् सङ्घका अध्यक्ष रमेश पौडेल, अल्पाइन स्पोर्टस् फेडेरे सननेपालका अध्यक्ष गोविन्दप्रसाद भट्टराई र नेपाल रोइङ सङ्घका महासचिव सम्पन्न श्रेष्ठलगायत हुनुहुन्थ्यो ।रासस

# 'ढुङ्गाना र तुलाधर बिना नेपालमा शान्ति सम्भव थिएन'

काठमाण्डु । नेपालको लोकतान्त्रिक आन्दोलनलाई उचाइमा पुर्‍याउन र १० वर्षे सशस्त्र द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्ने कार्यमा पूर्वसभामुख दमननाथ ढुङगाना र पूर्वमन्त्री पद्मरत्न तुलाधरको विशिष्ट योगदान रहेको स्मरण गरिएको छ ।



तत्कालीन सरकार र विद्रोही नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको आज १८ वर्ष पूरा गरेको अवसरमा शान्ति सम्झौतामार्फत द्वन्द्व व्यवस्थापन गर्दै मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गराउन उहाँहरुको योगदान सदासर्वदा स्मरण भइरहने धारणा व्यक्त गरिएको हो ।

अधिकारकर्मी प्राध्यापक कपिल श्रेष्ठले तुलाधर आफैँ वामपन्थी भएकाले माओवादीसँगको भावनात्मक सम्बन्ध र निकटता रहेको उल्लेख गर्नुभयो । उहाँले ढुङ्गानाको लोकतन्त्र र शान्ति प्रक्रियालाई अघि बढाउने प्रतिबद्धता र इमान्दारीका कारण सत्तापक्ष र विद्रोहीलाई शान्ति सम्झौता ल्याउन सम्भव भएको प्रतिक्रिया दिनुभयो ।

उहाँले भन्नुभयो, "दुवै जना दिवङ्गत भइसके पनि नेपालको शान्ति प्रक्रिया अघि बढ्नुमा ढुङगाना र तुलाधरको अत्यन्त ठूलो योगदान छ भनी सबैले स्वीकार गरेको विषय हो ।" स्वतन्त्र वामपन्थी तथा मानवअधिकारकर्मी तुलाधरको विसं २०७५ कात्तिक १८ गते र संविधानका ज्ञाता ढुङ्गानको यही मङ्सिर २ गते निधन भएको थियो ।


प्राध्यापक श्रेष्ठले उहाँहरुले नेपालमा बहुदलीय व्यवस्था, लोकतन्त्र, शान्ति र मानवअधिकारका पक्षमा जीवनपर्यन्त वकालत गर्दै मुलुकमा विगतको माओवादी सशस्त्र द्वन्द्व अन्त्य गरी शान्ति बहाली गर्नसमेत महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको बताउनुभयो । "शान्ति प्रक्रियाको महत्वपूर्ण विशेषता भनेको नेपालीहरु आफैँले पहिल्याएको बाटो हो । अप्ठ्यारो परेका बेला जस्तोसुकै समस्या समाधान गर्न नेपाली आफैँ सक्षम छन् भन्ने सन्देश यसमार्फत विश्व समुदाय दिन सफल भएको छ ।"

पछिल्लो समय सङ्क्रमणकालीन न्यायका सम्बन्धमा संसद्मा निकै लामो बहस र छलफलपछि कानुन पारित भएको छ । सङ्क्रमणकालीन न्यायमार्फत द्वन्द्वको घाउलाई किनार लगाउन सकियोस् भन्नेमा तुलाधर र ढुङ्गाना चिन्तित हुनुहुन्थ्यो । राजनीतिक विश्लेषक श्याम श्रेष्ठ फरक राजनीतिक अभ्यास गरिरहेका तत्कालीन सात राजनीतिक दल र विद्रोही माओवादीलाई एकै ठाउँमा ल्याउन तुलाधर र ढुङ्गाले अथक मेहनत गर्नुभएको उहाँले स्मरण गर्नुभयो । "मिल्न नसकेका दुवै पक्षलाई आपसमा विचार आदानप्रदान गरी मिलन बिन्दु पत्ता लगायर शान्ति प्रक्रियामा ल्याउन उहाँहरुको ऐतिहासिक योगदान थियो", श्रेष्ठले भन्नुभयो, "त्यतिखेर उहाँहरुले मध्यस्थता नगरेका भए यति छिटो शान्ति प्रक्रिया ल्याउन असम्भव थियो ।"

उहाँहरुकै पहलमा दुवै थरीलाई साझा मुद्दा पहिल्याइ शान्ति वार्ता हुँदै बाह्र बुँदे समझदारीसम्म ल्याउन सहयोग गर्नुभएको श्रेष्ठको भनाइ छ । "माओवादी संविधानसभाभन्दा तल नमान्ने, अन्य दल संसदीय व्यवस्था नछाड्ने, माओवादीलाई बहुदल र संसदवादी दललाई संविधानसभा मान्न लगाउने गरी मिलन बिन्दु पहिल्याउन उहाँहरुको योगदान छ", उहाँले भन्नुभयो, "तुलाधर र ढुङ्गाना बिनाको शान्ति सम्झौताको परिकल्पना गर्न सकिँदैनथ्यो, पछाडि कुनै बिन्दुमा हुन्थ्यो होला, यति छिटै नेपालमा शान्ति नआउन सक्थ्यो ।"रासस

# 'द्वन्द्वको प्रकृति परिवर्तन भए पनि पीडितको समस्या उस्तै छ'

मनहरी । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले द्वन्द्वको प्रकृति परिवर्तन भए पनि द्वन्द्वपीडितका समस्या उस्तै रहेको बताउनुभएको छ । राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेशले बुधबार हेटौँडामा आयोजना गरेको 'महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सन्दर्भमा प्रदेशस्तरीय अन्तरक्रिया' मा उहाँले द्वन्द्वपीडित महिला, बालबालिका लामो समयदेखि पीडामाथि पीडा खेप्दै आएकाले यो समस्या समाधानमा प्रदेश सरकारले चासो राखेको बताउनुभयो ।



मन्त्री लामिछानेले द्वन्द्वपीडितको समस्या समाधानमा अन्तरतहको सरकारबीच समन्वयको कमी भएको बताउनुभयो । उहाँले भन्नुभयो,"दुई दशकदेखिको यो समस्या ज्युँका त्युँ छ, यसलाई समाधान गर्न प्रदेश सरकार द्वन्द्वपीडितको लागि सशक्तीकरण र सबलीकरणमा काम गर्न तयार छ । सम्बन्धित मन्त्रालयसँग समन्वय गरी अब बन्ने कार्यक्रममा महिला, शान्ति र सुरक्षासम्बन्धी विषयलाई प्राथमिकता दिन हाम्रो मन्त्रालय प्रतिबद्ध छ ।"

कार्यक्रममा बागमती प्रदेश सरकारका प्रमुख सचिव डा हरिप्रसाद लम्सालले दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सन्दर्भमा प्रदेश सरकारले नीतिगत निर्णय गरेर पीडितको पक्षमा काम गर्ने बताउनुभयो । कार्यक्रममा द्वन्द्वपीडित महिलाले आफूहरूलाई द्वन्द्वपीडितको परिचयपत्रको व्यवस्था गरिदिन आग्रह गरेका छन् । द्वन्द्वपीडितहरूको समस्यामा सरकार संवेदनशील नहुँदा जीविकोपार्जनदेखि शिक्षा, स्वास्थ्यजस्ता पक्ष जटिल बनेको उहाँहरूको गुनासो थियो ।

द्वन्द्वपीडित महिलाले पीडितहरूको समस्या तत्काल सम्बोधन गरी मासिक भत्ता, परिचयपत्र, आरक्षण कोटा, बिमा, सीपमूलक तालिमको माग गरेका छन् । आदर्श नारी विकास केन्द्र, द स्टोरी किचेनको सहकार्यमा आयोजित कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग प्रमुख पवन भट्टले दोस्रो राष्ट्रियकार्य योजनाको उद्देश्य, औचित्यबारे जिम्मेवार निकाय र सरोकारवालालाई ध्यानाकर्षण गराउनु भएको थियो ।रासस

# कोप-२९ : 'नयाँ कोइला नबनाउने' धनी राष्ट्रहरूको प्रतिज्ञा

एएफपी

बाकु । कोप-२९ जलवायु शिखर सम्मेलनमा बुधबार २५ देशले अत्यधिक प्रदूषणकारी जीवाश्म इन्धनको प्रयोग चरणबद्ध रूपमा हटाउने प्रक्रियालाई तीव्र पार्न कुनै पनि नयाँ नियन्त्रण नगरिएको कोइला-विद्युत संयन्त्र नबनाउने प्रतिज्ञा गरेका छन् ।

बेलायत, क्यानाडा, फ्रान्स, जर्मनी र प्रमुख कोइला उत्पादक अस्ट्रेलियासहित मुख्यतया धनी विकसित अर्थतन्त्रहरूले अजरबैजानमा स्वैच्छिक प्रतिज्ञामा हस्ताक्षर गरे ।

यसले राष्ट्रहरूलाई आगामी वर्षको सुरुमा राष्ट्रिय जलवायु योजनाहरू पेश गर्न प्रतिबद्ध गराउँछ र उनीहरूको ऊर्जा प्रणालीमा कुनै नयाँ नियन्त्रण नगरिएको कोइला नहुने कुरालाई प्रतिबिम्बित गर्छ ।

नियन्त्रण नगरिएको कोइला विद्युत् अझै बढिरहेको बताउनुभयो।"जीवाश्मइन्धनबाट टाढा जाने प्रतिबद्धतालाई जमीनमा वास्तविक कदममा परिणत गर्न आवश्यक छ", उहाँले भन्नुभयो ।

बेलायत हालै आफ्नो विद्युत् उत्पादनमा कोइलामा सबै निर्भरता अन्त्य गर्ने सात औद्योगिक राष्ट्रको समूहमध्ये पहिलो बनेको छ ।बेलायतका ऊर्जामन्त्री एड मिलिब्यान्डले वैज्ञानिकहरूले जलवायु परिवर्तनको सबैभन्दा खराब परिणामलाई रोक्ने स्तरहरूमा विश्वव्यापी तापक्रमको वृद्धि सीमित गर्न कोइलाले 'सबैभन्दा ठूलो खतराहरू मध्ये एक' खडा गरेको बताउनुभयो ।

यो प्रतिज्ञाले ब्राजिलमा हुने अर्को कोप शिखर सम्मेलनसम्म नयाँ कोइला अन्त्य गर्न आवश्यक छ भनेर विश्वभरिका देशहरूबाट स्पष्ट सन्देश पठाउने




भन्नाले कार्बन क्याप्चर र भण्डारण जस्ता उत्सर्जन कम गर्ने उपायहरू बिना जलाइएको कोइला भन्ने बुझिन्छ । यो कोइला प्रविधिहरूलाई ठूलो स्तरमा अप्रमाणित भनी आलोचना गरिएको छ ।यो प्रतिज्ञाले राष्ट्रहरूलाई तेल र ग्यासभन्दा बढी ग्रह-तापन कार्बन उत्सर्जन गर्ने र जलवायु परिवर्तनको प्रमुख कारक रहेको कोइलाको खनन वा निर्यात रोक्न बाध्य गर्दैन ।

चीन, भारत र संयुक्त राज्य अमेरिकासहित विश्वका धेरै ठूला कोइला-उर्जा उत्पादकहरूले बाकुमा सुरु गरिएको 'कल टु एक्सन' मा हस्ताक्षर गरेनन् ।पहलमा हस्ताक्षर गर्ने युरोपेली सङ्घ (इयु) का जलवायु दूत वोप्के होएक्स्ट्राले गत वर्षको कोपमा ऊर्जाका लागि कम जीवाश्म इन्धन प्रयोग गर्ने ऐतिहासिक प्रतिबद्धता गरिए पनि उहाँले बताउनुभयो ।गरिब देशहरूका लागि पैसा जुटाउने कुरालाई ताप-ट्र्यापिङ उत्सर्जन कटौती गर्ने प्रयासहरू भन्दा ठूलो प्राथमिकता दिइएको कोप-२९ मा प्रमुख कोइला प्रयोगकर्ता र निर्यातकर्ता अस्ट्रेलियाको समावेशलाई कार्यकर्ताहरूले स्वागत गरेका छन् ।

"यसले कोइलाको ढोका बन्द गरेको छ । अब हामीले यसलाई बन्द गर्न आवश्यक छ", क्लाइमेट एक्सन नेटवर्क अस्ट्रेलियाका एरिन रायनले बाकुमा भन्नुभयो, "यसलाई हाम्रो ऊर्जा प्रणाली र हाम्रा निर्यात बजारहरू दुवैमा विगतमा छोड्ने समय बितिसकेको छ ।

"अङ्गोला, युगान्डा र इथियोपिया सहितका विकासोन्मुख देशहरू पनि पावरिङ पास्ट कोल एलायन्सको सहकार्यमा विकास गरिएको प्रतिज्ञामा हस्ताक्षर गर्ने देशहरू मध्ये थिए ।

## 'लडाइँभन्दा जेल ठिक' :
# धमाधम मुद्दा खेप्दै रुसका भगौडा सैनिकहरू

बीबीसी ।

काठमाण्डु । एउटा अनुसन्धानमा रुसी अदालतहरूले उल्लेख्य मात्रामा भगौडा वा छुट्टीबाट नफर्केका सैनिकहरूको मुद्दा हेरिरहेका देखिएको छ । धेरैजसो भगौडा सैनिकले आफन्तकोमा आश्रय लिँदा उनीहरू समेत मुद्दा खेप्नुपर्ने जोखिममा पर्ने गरेका छन् ।

सन् २०२३ को मार्च २३ को बिहान दक्षिणी रुसको स्टाभरोपोल क्षेत्रमा दिमित्री सेलिजिनेन्को नामका युवाले आफ्नी प्रेमिकालाई मोटरसाइकलमा चढाए। उनी प्रेमिकामार्फत् स्थानीय सरकारी कार्यालयमा आफूले तिर्नुपर्ने रकम भुक्तानी गर्न चाहन्थे।छ महिनाअघि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले गरेको सैन्य परिचालनका क्रममा उनी युक्रेनमा लड्नका निम्ति छानिएका थिए। मार्च महिनासम्ममा उनी अग्रमोर्चामा सामेल भएको हुनुपर्थ्यो।



तर १० दिन बिरामी बिदा बसेका उनी पुनः आफ्नो एकाइमा फर्किएनन्। त्यसले गर्दा उनी अहिले फरारको सूचीमा छन्। गाउँ फर्किँदै गर्दा ती युवालाई विद्यालय पढ्दाका साथी आन्द्रेई सोभेरसेन्नोभले देखे। विद्यालयपश्चात् सोभेरसेन्नोभप्रहरीमाभर्ती भएका थिए।सोभेरसेन्नोभले सैन्य प्रहरीलाई सतर्क गराए। त्यसलगत्तै प्रेमिकालाई कुरेर बसिरहेका सेलिजिनेन्कोलाई तीन जना मानिसले पक्राउ गर्ने कोसिस गरे।

सेलिजिनेन्कोले आफ्नी आमा र सौतेनी बाबुलाई सम्पर्क गर्न सफल भए र उनीहरूले उनलाई गाउँ लगे। त्यसपछि के भयो भन्नेबारे दुईथरीका भनाइ छन्। प्रहरीको भनाइअनुसार सौतेनी बाबु अलेक्स्यान्डर ग्राकोभ सेलिजिनेन्कोको हतकडी तान्दै "उसको सट्टा मलाई पक्राउ गर!" भन्दै चिच्याए। त्यसपछि उनले सेलिजिनेन्कोलाई भुइँमा लडाए र पिट्न थाले।परिवारका मानिसहरूका कुराअनुसार, अलेक्स्यान्डर ग्राकोभले सौतेनी छोराविरुद्धको पक्राउ पुर्जी हेर्न खोजेपछि उनलाई धकेलेर लडाइयो र कुटियो।

पछि दुवैजनालाई अस्पताल लगियो भने ग्राकोभमाथि प्रहरीमाथि हातपात गरेको आरोप लाग्यो।त्यसैबीचमा सेलिजिनेन्को आफ्ना अभिभावकको कार लिएर भागे। उक्त घटनाबारे गाउँलेहरू बीच 'च्याट ग्रूप'मा बहस छेडियो।सेलिजिनेन्कोका परिवारले उनीहरूका छोरा सेनामा भर्ती हुन उपयुक्त नै नभएको बताएका छन्। उनीहरूका अनुसार उनको राम्ररी स्वास्थ् परीक्षण पनि गरिएको थिएन र कोरोनाभाइरसको सङ्क्रमण देखिँदा देखिँदै पनि उनलाई अग्रपङ्क्तिमा पठाइएको थियो।

ज्यानुअरीको अन्त्यमा हिउँका कारण समस्या परेपछि उनलाई आराम गर्न पठाइयो। घर फर्किएको दुई दिनपछि उनको ग्यास्ट्रिकको शल्यक्रिया गरियो। तसर्थ उनी सेनाका निम्ति पूर्ण अयोग्य भन्दै सैन्य स्वास्थ्य आयोगका तर्फबाट जाँच गरिएको हुनुपर्थ्यो भन्ने परिवारजनको तर्क छ।तर 'च्याट ग्रूप'का सबै मानिसहरू उक्त तर्कप्रति सहानुभूति राख्दैनन्। त्यसको जबाफमा परिवारजनले छिमेकीहरूका निम्ति एउटा भावनात्मक पोस्ट गरेका छन्।

"तपाईं गाउँमा आरामले बसिरहनुभएको छ। तर तपाईंहरूमध्ये प्याटिगोर्स्क, बुड्योन्नोभ्स्क वा रोस्तोभको अस्पतालहरूमा रहेका घाइते सैनिकहरूलाई हेर्न को आउनुहुन्छ? अरूका बारेमा धारणा बनाउनुअघि दुःख पाइरहेका आमा वा तिनका छोराको ठाउँमा बसेर सोच्नुहोस्। तपाईंका श्रीमान र छोराहरू तपाईंकै वरपर छन्, त्यसैले त्यही कुरा आफूलाई नपरोस् भनेर प्रार्थना गर्नुहोस्।" सन् २०२४ को मार्च महिनामा अलेक्स्यान्डर ग्राकोभ प्रहरीमाथिको हातपातको आरोपमा दोषी पाइए र १,५०० डलर जरिवाना लगाइयो।

दिमित्री सेलिजिनेन्को सेनाको एकाइमा फर्किएनन् र उनको हालको अवस्था अज्ञात छ।त्यसमा संलग्न कसैले पनि बीबीसीसँग बोल्न चाहेनन्।

'सबै पुरुषजति हामीबाट टाढा लगिए'

स्टाभरोपोल क्षेत्रबाट सयौं माइल टाढा रुसको अर्कोपट्टि बुर्‍यातिया रिपब्लिकका न्यायाधीशहरूसमक्ष दुई अन्य मुद्दाहरू प्रस्तुत गरियो।अदालतमा पेस गरिएकामा भिताली पेट्रोभ नामका सैनिक र उनकी सासू थिए। पेट्रोभ आफ्नो एकाइबाट भागेका थिए भने उनकी सासू लिडिआ सारेगोरोत्सेभामाथि प्रहरीले पेट्रोभलाई पक्राउ गर्न खोज्दा अवरोध गर्ने कोसिस गरेको आरोप छ।

बीबीसीले अदालती कागजात र सुरक्षाका कारण नाम खुलाउन नचाहने परिवारका मानिसहरूको बयानका आधारमा घटनालाई जोडेर बुझ्ने कोसिस गरेको छ।दुई सन्तानका पिता र शारल्डे गाउँका बासिन्दा ३३ वर्षीय पेट्रोभ सन् २०२२ मा युक्रेनविरुद्धको लडाइँका निम्ति छानिए।उक्त क्षेत्र रुसको गरिब क्षेत्रमध्येको हो। बीबीसी र रुसको स्वतन्त्र समाचारसंस्था मिडियाजोनाका अनुसार सन् २०२२ को शरद्मा देशकै सर्वाधिक सैन्य परिचालन यसै क्षेत्रबाट भएको थियो भने हताहत हुने दर पनि सर्वाधिक थियो।

यो वर्षको सुरुमा बिदा नलिईकन अनुपस्थित भएका उनलाई जबर्जस्ती फर्काइएपछि सैन्य अस्पतालमा राखिएको थियो। उनी सन् २०२३ को जुनमा त्यहाँबाट भागे। टाउको दुख्ने समस्याका कारण उनी सेवाका निम्ति अयोग्य भएको बताउने सासूले त्यसबाहेक सेनामा छँदा पेट्रोभमाथि हिंसा तथा आर्थिक शोषण भएको अदालतसमक्ष बताइन्।सेनाका अभियोजकले पेट्रोभले अग्रमोर्चाको लडाइँ छल्ने कोसिस गरिराखेको बताए।सन् २०२३ को ग्रीष्म र शरद् यामभरि उनी सासूको घरमा लुकेर बसे। उनी दिनभरजसो नजिकै जङ्गलमा बस्थे, पाइन नट्स, च्याउ र बेरीहरू खोज्थे र राति कहिलेकाहीँ सुत्नका निम्ति घर आउँथे।

भगौडा सैनिकहरूलाई देशबाट भाग्न सघाउने 'रन टू दी फरेस्ट' नामको गैरसरकारी संस्थाकी ग्रिगोरी स्भेरद्लिनका अनुसार ३० प्रतिशतजति भगौडाहरू रुसमै छन् भने बाँकी विदेश भागिसके। मिडियाजोनाका अनुसार अदालतहरूमा १३ हजारभन्दा अधिक भगौडा र बिदा नलिईकन अनुपस्थित हुनेहरूको मुद्दा छ। सन् २०२३ को डिसेम्बरको एक रात पेट्रोभलाई पक्राउ गर्न हतियारधारी प्रहरी घरमा आइपुगे।

त्यसपछि के भयो भन्नेबारे दुईथरीका भनाइहरू छन्।सारेगोरोत्सेभाका अनुसार ढोका फोरेर प्रहरी भित्र छिरे। उनी र उनका दुईजना तर्सिएका नातिनीहरूलाई घचेड्दै पेट्रोभलाई खोज्न थाले। खोजीका क्रममा उनीहरूले भुइँका फल्याकहरूमा बन्चरो चलाए। उनका अनुसार प्रहरीले आफ्नो परिचयपत्र वा पक्राउ पुर्जी देखाएका थिएनन्।

तर अदालतका कागजातअनुसार प्रहरीले उनको भनाइलाई खण्डन गरेको छ। उनीहरूले उक्त स्थानमा खोजी कार्य नगरिएको र केही नचलाइएको बताएका छन्।प्रहरी र परिवार दुवै पक्षले आफू लुकिरहेको भूमिगत कोठाबाट पेट्रोभ बाहिर निस्कँदा उनका छोरीहरू उनीतर्फ भागेको बताएका छन्।अदालतका कागजातहरूका अनुसार परिवारजन र प्रहरी दुवै पक्षले पेट्रोभलाई पक्राउ गर्ने क्रममा एकअर्कामाथि हिंसा भएको बताएका छन्।

उनका छोरीहरूका अनुसार प्रहरीले पेट्रोभलाई घिसार्दै बाहिर लगे र 'स्टनगन'ले कुटे। झगडाका क्रममा मुख्य अपराध अनुसन्धानकर्तालाई तातोपानीले पोलेका कारण अस्पताल लग्नुपरेको थियो। पेट्रोभ र सारेगोरोत्सेभा दुवैविरुद्ध मुद्दा चल्यो। अनुमतिबिना अनुपस्थित भएकामा पेट्रोभलाई छ वर्षको जेल सजाय सुनाइयो। उनकी सासूलाई दुई वर्षको जेलसजायका साथै र धक्कामुक्काका क्रममा घाइते भएका प्रहरी अधिकारीका निम्ति क्षतिपूर्तिबापत एक लाख रुबल तिर्न निर्देशन दिइयो।

यस विषयबारे निकटका जानकार एक स्रोतले बीबीसीलाई बताएअनुसार भिताली पेट्रोभकी पत्नी उनका पति लडाइँको साटो जेल गएकामा खुसी छन्।बीबीसीको स्रोतले ग्रामीण क्षेत्रका मानिसमा युद्धको गहिरो प्रभाव परिरहेको बतायो।

"हाम्रो गाउँबाट सबै छोरामान्छेहरू लगिएका छन्। पशुहरूको रेखदेख वा जाडोका निम्ति तयारीजस्ता कठिन कामहरू गर्नका निम्ति कोही पनि छैनन्। एउटा बच्चा बिरामी छ, अर्कोको सातो गएको छ। यो गाउँमा सुस्केरा काढेर बसेका छोरीमान्छे मात्रै बाँकी छन्।"स्रोतका अनुसार धेरै स्थानीय पुरुषले "एक असम्भव अवस्था" महसुस गरिराखेका छन्, जहाँ चाहे वा नचाहे पनि उनीहरूलाई युद्धमा पठाइन्छ र तिनका परिवार सङ्घर्षका निम्ति विवश छाडिन्छन्।

**पलायनका सात वर्ष**

बीबीसीले खोतलेको अर्को मुद्दा एकजना दोषी ठहर्‍याइएका सैनिकको हो।सन् २०२३ को ज्यानुअरीमा रुस-मङ्गोलिया सीमास्थित गाउँका रोमन येभ्दोकिमोभलाई आफ्नो कामबाट भागेको अभियोगमा सात वर्षको जेल सजाय सुनाइयो।पहिले दुईपटक चोरीको आरोप लागेका यी चौंतीस वर्षीयलाई सन् २०२२ मा पुटिनको देशव्यापी परिचालनका क्रममा सेनामा छनौट गरिएको थियो।

बिदा नलिईकन अनुपस्थित हुँदै घर फर्किनुअघि येभ्दोकिमोभले केवल एक महिना सेनामा बिताए। सैन्य अधिकारीहरूले समातेर जेल पठाउनुअघि उनी जङ्गलमा तथा परिवारका सदस्यहरूको सहयोगमा आफ्नी सासूको घरमा लुकेर बसेका थिए।तर एकजना दोषीका रूपमा उनले जेल सजायको साटो युक्रेनमा लड्न जाने मौका पाए। येभ्दोकिमोभ छ महिना अग्रमोर्चामा बसेर 'स्टोर्म ट्रूपर'का रूपमा लडे र त्यतिखेर फेरिएको नियमअनुसार सन् २०२४ को एप्रिलमा मुक्त भई पुनः घर फर्किए।

उनका परिवारजनले बताएअनुसार अडाइँको अग्रमोर्चामा बसेर लडेका कारण उनलाई मानसिक आघात पर्‍यो र उनी पूर्ववत् जीवनमा फर्किन सकेनन्। उनी अहिले धेरैजसो समय त्यही जङ्गलमा बिताउने गर्छन् जहाँ उनी सैन्य प्रहरीबाट लुक्ने गर्थे।सन् २०२३ मा जेलबाटै 'स्टोर्म ट्रूपर' का रूपमा भूमिका निभाएका कारण उनलाई पलायनका निम्ति दिइएको सात वर्षको जेल सजायबाट उन्मुक्ति दिइयो, तर उनले सेनामा रहेर लडेको र कार्यरत अवस्थामा घाइते भएको पुष्टि गर्ने कुनै कागजात छैनन्।

जेलबाटै भर्ती भएर लडाइँ लडेका कैयौँले आफ्नो हैसियतको मान्यताका निम्ति रुसी रक्षा मन्त्रालयलाई अदालतसम्म तान्न खोजेका छन्। "म उनलाई भेट्न जाँदा हल्का पिएका उनले "भाडाको सैनिक बन्न नाम लेखाऊँ कि क्या हो? भने," उनकी दिदीले बीबीसीसँग भनिन्।"म उनलाई जान दिन्नँ। ऊ पनि मलाई छाडेर जान डराउँछ किनकि म उसको कति चिन्ता गर्छु भन्ने उसलाई थाहा छ। तर ऊ आफ्ना मित्रहरूका निम्ति त्यहाँ जान चाहन्छ किनकि तीमध्ये केही मर्दै छन् र ऊ तिनीहरूको चिन्ता गर्छ। ऊ लडाइँमा सामेल हुनुको पीडा भोगिरहेको छ।"

यी विषयहरू अदालतमा आइरहेका मुद्दाका सानो हिस्सामात्रै हुन्। आधिकारिक विवरणहरूका अनुसार सन् २०२४ मा प्रतिमहिना त्यस्तै ८०० जति सैनिक बिनाअनुमति अनुपस्थित भएका वा भागेका र निर्देशन पालना नगरेको विषयमा दोषी ठहरिएका छन्। मिडियाजोनाका अनुसार यो संख्या अघिल्लो वर्षको तुलनामा दोब्बर हो भने युद्धपूर्वको समयको तुलनामा दश गुणाले अधिक हो । भगौडा सैनिकलाई सघाएको आरोपमा दोषी ठहर्‍याइएकाहरूको कुनै आधिकारिक तथ्याङ्क छैन।

# किएभस्थित अमेरिकी दूतावासद्वारा हवाई आक्रमणको चेतावनी

एएफपी

वासिङ्टन । युक्रेनले पहिलो पटक रूसमा लामो दूरीको अमेरिकी क्षेप्यास्त्र प्रहार गरेपछि रूसले जवाफ दिने वाचा गरेसँगै किएभस्थित अमेरिकी दूतावासले बुधबार हवाई आक्रमणको चेतावनी दिएको छ ।

दूतावासले नोभेम्बर २० मा हवाई आक्रमणको विशेष सूचना प्राप्त गरेको उल्लेख गर्दै सावधानीका साथ दूतावास बन्द गर्ने र कर्मचारीलाई सुरक्षित ठाउँमा आश्रय लिन निर्देशन दिएको वेबसाइटमार्फत बताएको छ ।"अमेरिकी दूतावासले अमेरिकी नागरिकहरूलाई हवाई सतर्कता घोषणा भएको खण्डमा तत्काल आश्रय लिन तयार रहन सिफारिस गर्दछ", दूतवासले भनेको छ। युक्रेनले करिब तीन वर्षको युद्धमा पहिलो पटक लामो दूरीको अमेरिकी क्षेप्यास्त्र आफ्नो क्षेत्रमा प्रयोग गरेपछि रूसले मङ्गलबार यसको जवाफ दिने चेतावनी दिएको थियो ।रासस

# इरानद्वारा आइएइएमा आफूलाई निन्दा गर्ने युरोपेली शक्तिहरूलाई चेतावनी

एएफपी

तेहरान । इरानका विदेशमन्त्री अब्बास अराघचीले बुधबारदेखि सुरु हुने अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) को बोर्ड बैठकअघि इरानको आलोचना गर्ने प्रस्ताव ल्याउन लागेकामा तीन युरोपेली शक्तिहरूलाई चेतावनी दिनुभएको छ ।पछि कूटनीतिज्ञहरूका अनुसार पश्चिमी राष्ट्रहरूले मङ्गलबार मध्यरातपछि एजेन्सीको भियना मुख्यालयमा प्रस्ताव पेश गरेका छन् ।

बुधबार मन्त्रालयको विज्ञप्तिअनुसार अराघचीले आफ्ना फ्रान्सेली समकक्षी जीन-नोएल बारोटसँग कुरा गर्दै 'जर्मनी, फ्रान्स र बेलायतका तीन देशले मस्यौदा पेस गर्ने निर्णयको कडा निन्दा गर्नुभयो' र यसले 'मामिलालाई अझ जटिल मात्र बनाउनेछ' भन्दै चेतावनी दिनुभयो ।कूटनीतिज्ञहरूले पेरिस, बर्लिन र लन्डनले बिहीबार मतदानका लागि प्रस्ताव पेस गर्ने योजना बनाएको बताएका छन् ।

उनीहरूका अनुसार प्रस्तावित निन्दा इरानलाई आणविक नियमहरूको पालना गर्न र आइएइएको दीर्घकालीन चिन्ताहरूलाई सम्बोधन गर्न कूटनीतिक दबाब बढाउने आवश्यकताले प्रेरित छ ।अराघचीले आफ्नो टेलिफोन वार्तामा युरोपेली शक्तिहरूको यो कदम 'इरान र एजेन्सीबीचको अन्तरक्रियामा सिर्जना भएको सकारात्मक वातावरणसँग स्पष्ट विरोधाभास' भएको पनि बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी निकाय (आइएइए) का प्रमुख राफेल ग्रोसी नोभेम्बर १३ मा दुई दिने भ्रमणका लागि तेहरान पुगेर फोर्डो र



नतान्जमा रहेका इरानका प्रमुख संवर्धन स्थलहरूको भ्रमण गर्नुभएको थियो । इरानले यस भ्रमणलाई सकारात्मक मानेको थियो ।

तर इरानी आणविक प्रमुख मोहम्मद एस्लामीले आफ्नो आणविक कार्यक्रमलाई लक्षित गर्ने कुनै पनि 'हस्तक्षेपकारी प्रस्ताव' विरुद्ध चेतावनी दिँदै 'तत्काल प्रतिकार्य' को धम्की दिनुभएको छ ।एजेन्सीले मङ्गलबार एएफपीले देखेको एक गोप्य प्रतिवेदनअनुसार इरानले अत्यधिक समृद्ध युरेनियमको भण्डार विस्तार रोक्ने दिशामा कदम चालेको बताएको छ ।

**तनाव**

इरान र एजेन्सीबीच सन् २०१५ को सम्झौता पश्चात् पटक-पटक तनाव बढेको छ । आइएइएले प्रतिबन्ध हटाउने बदलामा तेहरानको आणविक कार्यक्रमलाई नियन्त्रण गर्ने व्यवस्था गरेको थियो ।

सन् २०१८ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एकतर्फी रूपमा सम्झौताबाट संयुक्त राज्य अमेरिका फिर्ता भएको घोषणा गर्नुभएपछि र इरानमाथि भारी प्रतिबन्धहरू पुनः लागु गर्नुभएपछि यो सम्झौता भङ्ग भयो ।जवाफमा तेहरानले सम्झौताअन्तर्गतका आफ्ना जिम्मेवारीहरूबाट पछि हट्दै संवर्धना स्तर ६० प्रतिशतसम्म बढायो । यो आणविक बम विकास गर्न आवश्यक ९० प्रतिशत सीमानजिक छ ।

यद्यपि आणविक विकासहरू नागरिक र शान्तिपूर्ण उद्देश्यका लागि भएको भन्दै इरानले सधैँ आणविक हतियार खोजेको कुरालाई अस्वीकार गरेको छ ।आइएइएका अनुसार तेहरान ६० प्रतिशत युरेनियम संवर्धन गर्ने एक मात्र गैर-आणविक हतियार भएको देश हो ।इरानले हालैका महिनाहरूमा समृद्ध युरेनियमको भण्डार बढाएको एजेन्सीले मङ्गलबार बताएको छ ।

यो सन् २०१५ को आणविक सम्झौतामा तोकिएको सीमाभन्दा ३२ गुणा बढी पुगेको छ ।

अक्टोबर २६ सम्म भण्डार छ हजार ६०४.४ किलोग्राम रहेको अनुमान गरिएको छ । यो अगस्टको अन्तिम त्रैमासिक प्रतिवेदनभन्दा ८५२.६ किलो बढी हो ।बिहीबार अराघचीले भ्रमणमा रहनुभएका आइएइए प्रमुखलाई इरान 'राष्ट्रिय हित' र 'अपरिहार्य अधिकार' को आधारमा 'वार्ता गर्न तयार' रहेको तर 'दबाब र धम्कीको अधीनमा वार्ता गर्न तयार नरहेको' बताउनुभएको थियो ।

उहाँले शनिबार पनि तेहरान विरुद्धको प्रस्ताव पारित भयो भने इरानले 'हाम्रो आणविक कार्यक्रममा नयाँ उपायहरू लिनेछ जुन उनीहरूले निश्चित रूपमा मन पराउने छैनन्' भन्नुभयो ।अनुभवी कूटनीतिज्ञ अराघची सन् २०१५ को आणविक सम्झौतामा पुग्ने वार्तामा इरानका मुख्य वार्ताकार हुनुहुन्थ्यो ।

हार्दिक श्रद्धाञ्जली



स्वर्गवासः
वि.सं. २०८१ कार्तिक २५

स्व. किशोरी देवी

यस श्री नेशनल ह्युमन रिसोर्स डेभलपमेन्ट एकेडेमी,जनकपुर (NHRDA) अध्यक्ष श्री प्रमोद कु. अग्रवाल ज्यूकी ममतामयी माता किशोरी देवी अग्रवालको असामयिक स्वर्गारोहणले हामीलाई मर्माहत बनाएको छ । यस दुःखद् घडीमा दिवंगत् आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारप्रति ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनी प्रार्थना सहित हार्दिक समवेदना प्रकट गर्दछौं ।

श्री नेशनल ह्युमन रिसोर्स डेभलपमेन्ट एकेडेमी,जनकपुर (NHRDA)
परिवार

# बन्द हुँदै फर्म, बढ्दै वैदेशिक रोजगारी



तम्घास । गुल्मीको रुरुक्षेत्र गाउँपालिका-६ रिमुवाका ज्ञानबहादुर काला मगरले पाँच वर्षअघि पोल्ट्री फर्म खोल्नुभयो। उहाँले एकैपटकमा एक हजार पाँच सयसम्म ब्रोइलर कुखुरा राख्नुहुन्थ्यो। केही कामदारलाई काम दिनुभयो। फर्ममा मात्रै रु छ लाख ५० हजार खर्च गर्नुभएका उहाँले तीन वर्षसम्म फर्म चलाउनुभयो पनि । शुरुमा त व्यवसाय ठिकै थियो तर विस्तारै बजारमा कुखुराको मूल्य राम्रो भएन । त्यसपछि उहाँले व्यवसाय छोड्नुभयो । स्थानीय कृष्ण कुँवर, भरत पन्थी, प्रेमराज पन्थी, हरिप्रसाद पन्थी, तोमप्रसाद पन्थी र सेतु पन्थी मिलेर रेसुङ्गा नगरपालिका-४ अर्खलेमा आठ वर्षअघि कृषि फर्म चलाउनुभयो। दुई लाख रुपैयाँको लगानीबाट शुरु भएको कृषि व्यवसायमा क्रमशः लगानी पनि बढ्दै गयो । तर पछि उहाँहरुको उत्पादनले बजार पाउन छाड्यो । आम्दानी कम हुँदै गएपछि लगानीकर्ताहरुबीच मन मिलेन। फलस्वरुप उहाँहरुले दर्ता गरेको फर्म खारेज गर्नुभयो।

कृषिबाहेकका क्षेत्रमा पनि त्यस्तै समस्या छ । गुल्मी छत्रकोटको प्रकाश कार्कीले नौ वर्षअघि कम्प्युटर इन्स्टिच्युट सञ्चालन गर्नुभएको थियो। पहिले-पहिले एकै याममा २०-२५ जनासम्म विद्यार्थी हुने गरेकामा अहिले त्यसको आधा मात्रै भएको कार्की बताउनुभयो । त्यसपछि उहाँले फर्मको दर्ता खारेज गर्नुभयो । घरेलु तथा साना उद्योग कार्यालयका अनुसार गुल्मीमा प्रत्येक वर्ष व्यावसायिक फर्महरु बन्द हुँदै गएका छन्। आर्थिक वर्ष २०७८/७९ मा एक सय ६२, आव २०७९/८० मा एक सय ३२ र आव २०८०/८१ मा एक सय ५९ गरी तीन वर्षको अवधिमा चार सय ७८ वटा व्यावसायिक फर्महरु बन्द भएका छन् । होटल व्यवसायी मञ्च गुल्मीका अध्यक्ष जङ्गबहादुर कुँवरका अनुसार गत असोजदेखि असारसम्म जिल्लामा १७ जनाले होटल बन्द गरेका छन्। 'प्रति होटल तीन जनाको दरले रोजगारी सिर्जना भएको थियो' उहाँले भन्नुभयो, 'अहिले आम्दानी पनि घट्दै गएको छ।' स्वरोजगार बनाउन सञ्चालित कार्यक्रमबाट सीप सिक्नेहरुले पनि व्यवसाय गर्न सकेका छैनन् । गुल्मी दरबार गाउँपालिका-१ बलिथुमकी अन्सु दर्लामीले २०७८ फागुन र चैत १० गतेसम्म कुशन बनाउने तालिम लिनुभयो । चार प्रकारका कुशन सामग्री बनाउने सीप सिक्नुभयो । आफूले बनाएका कुशनको बजार नभएकाले त्यसरी सिकेको सीपलाई उहाँले व्यवहारमा प्रयोग गर्न सक्नुभएन।

**प्रभावकारी भएन प्रधानमन्त्री रोजगार कार्यक्रम**

गुल्मीमा प्रधानमन्त्री रोजगार कार्यक्रमको अवस्था पनि निकै दयनीय छ। आव २०७५/७६ मा शुरु भएको प्रधानमन्त्री रोजगार कार्यक्रम गुल्मीका केही पालिकामा सोही आवमा शुरु भयो । आवमा सबै पालिकामा शुरु भयो। आव २०७६/७७ देखियताका चार वर्षमा ४१ हजार ७३ जनाले रोजगारीको लागि आवेदन दिएकामा नौ हजार सात सय २४ जनाले मात्रै सय दिनको काम पाए। अर्थात बेरोजारको फारम भरेकामध्ये पनि ७६।३३ अर्थात ३१ हजार तीन सय ४९ जनाले कुनै काम पाएनन्।

जिल्लामा प्रधानमन्त्री रोजगार कार्यक्रममा नाममा चार वर्षमा १२ पालिकामा रु ४९ करोड ९३ ६४ हजार एक सय ५७ खर्च भयो। कामदारको लागि रु ४२ करोड २३ लाख ९० हजार दुई सय ४२, राजगार शाखाका कर्मचारीको लागि रु सात करोड २८ लाख ५५ हजार दुई सय ७६ पाँच पैसा एवं कामको लागि सामग्री खरिदमा रु ४१ लाख १८ हजार ६३८ खर्च भएको सम्बन्धित पालिकाले जनाएका छन्।

**अलपत्र छन् औद्योगिक ग्राम**

गुल्मीका मदाने, धुर्कोट, इस्मा, रुरुक्षेत्र र मालिका गाउँपालिकामा औद्योगिक ग्राम निर्माणाधीन छन्। तर कतै पनि लक्ष्यअनुसारको काम भएको छैन । 'सरकारको औद्योगिक ग्रामको अवधारणा पनि असफल जस्तै भयो' जिल्ला समन्वय समिति प्रमुख दोर्ण खत्रीले भन्नुभयो, ' पहाडी भेगमा यो कार्यक्रम निकै जटिल रहेछ।' औद्योगिक ग्राममा करोडौं रकम ' बालुवामा पानी' जस्तै भएको छ। गाउँमै रोजगारीका अवसर नभएपछि काम गर्न विदेश जान राहदानी बनाउनेहरुको भीड लागेको छ । रेसुङ्गा नगरपालिकाका २६ वर्षिय रामप्रसाद खनालले भन्नुभयो ' आफन्तले भिसा पठाइदिने भनेकाले खाडी मुलुक जान लागेको छु।'

जिल्ला प्रशासन कार्यालयका अनुसार आव २०७८/७० मा जिल्लाबाट सात हजार चार सय नौ जनाले राहदानी बनाए। आव २०७९/८० मा उक्त संख्या दोब्बरले बढेर १५ हजार ८६ जनाले राहदानी बनाए्। त्यसैगरी आव २०८०/८१ मा १२ हजार दुई सय ७३ जनाले राहदानी बनाएका थिए भने आव २०७९/८० मा १० हजार तीन सय ६७ र आव २०८०/८१ मा नौ हजार छ सय १८ जनाले राहदानी बनाए। गुल्मीका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले राहदानी बनाउनेमध्ये ६५ प्रतिशत भन्दा बढी नागरिक वैदेशिक रोजगारीमा जाने गरेको बताउनुभयो। '२० प्रतिशत विद्यार्थी भिसा र बाँकी १५ प्रतिशत डिपेन्डेन्ट भिसामा जाने गरेको पाइन्छ' सहायक प्रजिअ गैरेले भन्नुभयो, 'पछिल्ला वर्षहरुमा अन्य जिल्लाहरुमा पनि राहदानी बनाउनेको संख्या बढ्दै गइरहेको छ।'

**जनप्रतिनिधि र सरकारी जागिरे पनि विदेशतिर**

गुल्मीमा युवाहरु मात्र होइन, जनप्रतिनिधि र सरकारी पनि रोजगारीकै लागि विदेश जाने क्रम बढेको । मदाने गाउँपालिका-३ सिर्सेनीका नेकपा ९एकीकृत समाजवादी०बाट निर्वाचित वडा सदस्य खिमबहादुर खत्री कामका लागि विदेश जानुभयो । २०७४ सालमा रेसुङ्गा नगरपालिका-७ मा एमालेबाट वडाध्यक्षबाट निर्वाचित मोहनप्रसाद पाण्डे कार्यकाल सकिएपछि बेलायत जानुभयो। रेसुङ्गा नगरपालिकाका कृषि शाखा अधिकृत विजय गौतम अष्ट्रेलिया, कृषि शाखा प्राविधिक शेखर घिमिरे स्वीडेन, मालिका गाउँपालिकाका कृषि अधिकृत यमुना अधिकारी अष्ट्रेलिया, सव-इन्जिनीयर विधान आचार्य फिनल्यान्ड तथा इन्जिनीयर माधव पन्थी जापान जानुभएको छ।

त्यसैगरी चन्द्रकोट गाउँपालिकाका स्वास्थ्य सहायक अनिल पौडेल, लोकसेवा पास गरी आएका अहेव शेषराज खत्री तथा जिल्ला समन्वय समिति प्रमुख दोर्ण खत्रीका स्वकीय सचिवको काम गर्दै आएका जिससका कम्प्युटर अपरेटर रोशनसिंह ठकुरी पनि विदेसिनु भएको छ। पछिल्लो पाँच वर्षको तथ्याङ्क हेर्दा जिल्लाबाट एक सय जनाभन्दा बढी सरकारी जागिरेले देश छोडेका छन् । 'रोजगारी सिर्जना गर्नको लागि सङ्घ र प्रदेश सरकारले ठूला र मझौला उद्योगको स्थापना गर्नुपर्थ्यो' चन्द्रकोट गाउँपालिकाका प्रवक्ता एवं वडा नं १ का वडाध्यक्ष घनश्याम खरेलले भन्नुभयो, 'हामीले कृषिको क्षेत्रमा कोसिस गरेका छौं, तर सोचे जति गर्न सकेका छैनौं।'

रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले युवा पुस्तामा विदेश जाने लहर चलेको बताउँदै रोजगारमै रहेकाहरु पनि विदेश जानु अस्वभाविक रहेको उल्लेख गर्नुभयो।

आफूहरुले गाउँ केन्द्रित विकास गरे पनि मानिसहरु शहरमुखी भएकामा भने उहाँले चिन्ता व्यक्त गर्नुभयो । छत्रकोट गाउँपालिकाका अध्यक्ष रामप्रसाद पाण्डेले पालिकाको खर्ज्याङ्गलगायतका ठाउँका नागरिक भारत, दुबई, कतारलगायतका मुलुकमा जाने गरेको बताउनुभयो। 'भारत र खाडी मुलुकमा तत्कालीन बाध्यताले जाने गरेका छन्, देशको वर्तमान आर्थिक अवस्थाका कारण भविष्यको चिन्ता गरेर राम्रो देश जाने पनि छन्' पाण्डेले भन्नुभयो, 'वैदेशिक रोजगारीमा जानेलाई रोक्न खोजे पनि सफल भएका छैनौं।' आफूहरुले ड्राइभिङ, व्युटिपार्लरलगायतका तालिम दिए पनि त्यसले ठूलो मात्रामा रोजगारी सिर्जना नगरेको उहाँले बताउनुभयो।रासस

# अमेरिकी डलर, युरो, स्टर्लिङ पाउण्डलगायतका विदेशी मुद्राको मूल्य बढ्यो



काठमाण्डु । नेपाल राष्ट्र बैंकले बुधबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। केन्द्रीय बैंकले सार्वजनिक गरेको विवरणअनुसार मङ्गलबारको तुलनामा बुधबार अमेरिकी डलर, युरो, स्टर्लिङ पाउण्डलगायतका विदेशी मुद्राको मूल्य बढेको छ । मङ्गलबार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ७२ पैसा तथा बिक्रीदर एक सय ३५ रुपैयाँ ३२ पैसा रहेकामा आजका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ७७ पैसा, बिक्रीदर एक सय ३५ रुपैयाँ ३७ पैसा निर्धारण भएको छ।

मङ्गलबार युरो एकको खरिददर एक सय ४१ रुपैयाँ ९६ पैसा तथा बिक्रीदर एक सय ४२ रुपैयाँ ५९ पैसा निर्धारण भएकामा आजका लागि बढेर एकको खरिददर एक सय ४२ रुपैयाँ २२ पैसा र बिक्रीदर एक सय ४२ रुपैयाँ ८५ पैसा कायम भएको छ। केन्द्रीय बैंकका अनुसार अघिल्लो दिन पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ६९ रुपैयाँ ९६ पैसा तथा बिक्रीदर एक सय ७० रुपैयाँ ७२ पैसा निर्धारण भएकामा आजका लागि भने बढेर एकको खरिददर एक सय ७० रुपैयाँ २५ पैसा तथा बिक्रीदर एक सय ७१ रुपैयाँ ०१ पैसा कायम भएको छ।

केन्द्रीय बैंकले स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५२ रुपैयाँ ६३ पैसा तथा बिक्रीदर एक सय ५३ रुपैयाँ ३१ पैसा, अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ५१ पैसा, बिक्रीदर ८७ रुपैयाँ ९० पैसा निर्धारण भएको जनाएको छ।

साथै बुधबारका लागि क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ १४ पैसा, तथा बिक्री दर ९६ रुपैयाँ ५७ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय रुपैयाँ ५६ पैसा तथा बिक्रीदर एक सय एक रुपैयाँ ०१ पैसा कायम भएको छ।

यस्तै जापानी येन १० को खरिददर आठ रुपैयाँ ७६ पैसा तथा बिक्रीदर आठ रुपैयाँ ८० पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६२ पैसा तथा बिक्रीदर १८ रुपैयाँ ७० पैसा, साउदी रियाल एकको खरिददर ३५ रुपैयाँ ९० पैसा तथा बिक्रीदर ३६ रुपैयाँ ०६ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ९५ पैसा तथा बिक्रीदर ३७ रुपैयाँ १२ पैसा तय भएको केन्द्रीय बैंकले जनाएको छ।

यस्तै थाईभाट एकको खरिददर तीन रुपैयाँ ९० पैसा, तथा बिक्रीदर तीन रुपैयाँ ९२ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ६९ पैसा तथा बिक्रीदर ३६ रुपैयाँ ८६ पैसा निर्धारण भएको छ।मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ १३ पैसा तथा बिक्रीदर ३० रुपैयाँ २६ पैसा, दक्षिण कोरियाली वन १०० को खरिददर नौ रुपैयाँ ६७ पैसा तथा बिक्रीदर नौ रुपैयाँ ७१ पैसा निर्धारण भएको छ।स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ २७ पैसा तथा बिक्रीदर १२ रुपैयाँ ३३ पैसा, डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ०६ पैसा तथा बिक्रीदर १९ रुपैयाँ १५ पैसा, हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ३१ पैसा तथा बिक्रीदर १७ रुपैयाँ ३९ पैसा तय गरेको छ।यस्तै कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ ३२ पैसा तथा बिक्रीदर चार सय ४० रुपैयाँ २७ पैसा र बहराइन दिनार एकको खरिददर तीन सय ५७ रुपैयाँ ५० पैसा तथा बिक्रीदर तीन सय ५९ रुपैयाँ १० पैसा निर्धारण गरिएको केन्द्रीय बैंकले जनाएको छ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।रासस

## रामपुरका खेतबारीमा झुसिल्किराको प्रकोप

रामपुर। रामपुरका खेतबारीमा लहलहाएका काउली, बन्दा, साग, मुलामा झुसिल्किराको प्रकोप बढेपछि व्यावसायिक रूपमा सागसब्जी उत्पादनका लागेका किसानहरू नराम्ररी पिरोलिएका छन्।

रामपुर नगरपालिका-६ प्याक्लुककी अगुवा किसान राधिका बस्यालले काउलीमा झुसिल्किराको प्रकोपले सताएको दुखेसो गर्नुभयो। “काउलीका बोट फस्टाएका छन् तर कीराका प्रकोपले फूल लाग्न पाएका छैनन्। कीरा मार्ने प्रयास जारी रहे पनि त्यसमा सफल भएका छैनौं।”

यसैगरी, रामपुर-५ स्थित राङभाङमा टिकीसरा गौतमको काउलीमा पनि झुसिल्किराले आक्रमण गरेको छ। व्यावसायिक उत्पादनमा लाग्नुभएकी उहाँ पनि कीराले पिरोलिनुभएको छ। उहाँ भन्नुहुन्छ, “बोट सप्रेका छन्, कीराको प्रकोपले उत्पादन नै नहुने हो कि भन्ने चिन्ता छ।

झुसिल्किराको प्रकोप नियन्त्रण गर्न रामपुर नगरपालिका कृषि शाखाले स्थलगत निरीक्षण गरेको छ।

पालिकाले किसानलाई निःशुल्क विषादी वितरण गरेको शाखा प्रमुख नारायणप्रसाद गैरेले जानकारी दिनुभयो। बेमौसमी खेती भएकाले कीराको प्रकोप भएको उहाँले बताउनुभयो।रासस

# आत्मनिर्भर बनाउन अचार बनाउने तालिम



ढोरपाटन । बागलुङको काठेखोला गाउँपालिकाका महिलालाई आत्मनिर्भर बनाउन अचार बनाउने तालिम प्रदान गरिएको छ।स्थानीयस्तरमा उत्पादन हुने तरकारी तथा फलफूलबाट महिलालाई अचार बनाउने तालिम दिइएको हो।

काठेखोला गाउँपालिका र नेपाल गाजा डेभलपमेण्ट फाउण्डेशनको सहकार्यमा चार वटा वडाका करिब दुई सय महिलालाई तालिम दिएपछि अहिले उहाँहरु व्यावसायिक रुपमा अचार बनाउन सुरु गरिसक्नुभएको छ।

काठेखोला गाउँपालिका-३ धम्जा, वडा नम्बर ५ बिहुँ, वडा नम्बर ७ रेश र वडा नम्बर ८ लेखानीका महिलालाई तालिम दिइएको गाउँपालिका अध्यक्ष राजु थापाले बताउनुभयो । स्थानीयस्तरमा उत्पादन भएका अकबरे खुर्सानी, मुला, गाजर, लसुन, अदुवा, कागती, करेलालगायत तरकारी जन्यवस्तुबाट अचार बनाउन सिकाएको उहाँको भनाइ छ।

अध्यक्ष थापाले भन्नुभयो, “धेरै नागरिक बसाइँसराइ गरी बजार झरेपछि अहिले गाउँमा सामान्य वर्गहरुको मात्रै बसाइँ छ, उनीहरुलाई आयआर्जनसँग जोड्नका लागि विभिन्न तालिम दिइ उद्यमी बनाउन थालेका छौं, अचार बनाउने तालिम बढी प्रभावकारी देखिएपछि चारवटै वडाका महिलालाई दिएका छौं, तालिमले महिलालाई उद्यमी बनाउने छ।”

काठेखोला गाउँपालिका-३ की रेजिना हमालले पहिले गाउँघरमा उत्पादन हुने तरकारी खेर जाने गरेको भए पनि अहिले गाउँपालिकाले तालिम दिएपछि अचार बनाएर बिक्री गर्न थालेको बताउनुभयो।

पालिकाले दिएको अन्य तालिमभन्दा अचार बनाउने तालिम निकै प्रभावकारी बनेको उहाँको भनाइ छ।

“हाम्रो बारीमा करेला लटरम्म फल्छ, फलेको सबै खान नसक्दा धेरै खेर जान्थ्यो, अहिले तालिम लिएपछि, खुसार्नी, मुला, स्कुस केही पनि खेर फाल्न हुँदो रैनछ भन्ने लागेको छ, तालिम पाएपछि अहिले बिहान बेलुका घरको काम गरेर फुर्सदको समय अचार बनाउने गरेका छौं”, हमालले भन्नुभयो, “१०/१२ दिनमै मीठो अचार बन्दो रैछ, अब बनाएर बजार पठाउने योजना बनाएका छौं।”

काठेखोला-८ की जमुना श्रीसले अचारबाट राम्रो आम्दानी गर्न सकिने बताउनुभयो।आफूहरुले सीप नसिक्दा अहिलेसम्म धेरै तरकारी खेर गएको सुनाउँदै उहाँले तालिम लिएपछि व्यावसायिक रुपमा अचार उत्पादन गर्न थालेको बताउनुभयो । अचार बनाउनका लागि धेरै समय र खर्च नलाग्ने तर आम्दानी भने मनग्य गर्न सकिने उहाँ बताउनुहुन्छ।रासस

# आलुको व्यावसायिक खेती गर्न एक करोड ५० लाख विनियोजन

पर्वत । खायन आलुको व्यावसायिक खेती गर्न कृषि विकास निर्देशनालयले रु एक करोड ५० लाख विनियोजन गरेको छ । यो वर्ष जिल्लाका सातवटै पालिकाका एक सय १० हेक्टरमा व्यावसायिक रूपमा आलुखेती गरिने कृषि ज्ञान केन्द्रले जनाएको छ। गण्डकी प्रदेश सरकारले किसानलाई आलुखेतीतर्फ आकर्षित गर्दै जिल्लालाई आलु उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले गत वर्षदेखि यो कार्यक्रम लागू गरिएको हो । आर्थिक वर्ष २०८०/८१ मा एक सय ५२ हेक्टरमा आलुखेती गरिएको थियो। यस वर्ष गत वर्षको तुलनामा ५० प्रतिशतले बजेट कटौती भएकाले क्षेत्रफल पनि घटाइएको कृषि ज्ञान केन्द्रका बागवानी विकास अधिकृत शङ्कर पौडेलले बताउनुभयो।

गत आवमा खायन आलु विस्तारका लागि प्रदेश सरकारबाट रु तीन करोड विनियोजन भएको थियो । खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत जिल्लाभर ५४ वटा समूह तथा सहकारीमार्फत आलुखेती लगाइने छ। हिउँदे र बर्खेगरी दुई सिजनमा लगाइने आलुखेतीलाई जिल्लाको निर्यातयोग्य बालीका रूपमा विकास गरिने योजना रहेको कार्यालयले जनाएको छ। रासस

# अन्तरदेशीय उडानको प्रतीक्षामा पोखरा विमानस्थल



गण्डकी । उद्घाटन भएको दुई वर्षमा केही 'चार्टर' उडान भएपनि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुनसकेको छैन। सन् २०२३ को जनवरी १ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गर्नुभएको यस विमानस्थल अन्तर्राष्ट्रिय उडानको प्रतीक्षामा छ। झण्डै २२ अर्ब रुपैयाँ ऋणमा बनेको यस विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुन नसक्दा राज्यले अपेक्षित लाभ लिन सकेको छैन।

पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने ५० वर्षअघिको योजनाले सार्थकता पाएपनि विमानस्थल पूर्ण रुपमा सञ्चालनमा आउन नसक्दा स्थानीयवासीमा गुनासो बढ्दो छ । पर्यटकीय राजधानीसमेत रहेको पोखरा अन्तर्राष्ट्रिय हवाई सञ्जालमा जोडिएर ठूलो संख्यामा विदेशी पर्यटक भित्रने आशमा रहेका पर्यटन व्यवसायी पनि विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नहुँदा निराश बनेका छन् । यस विमानस्थल बनेपछि पोखराको पर्यटनमा झण्डै एक खर्ब रुपैयाँ लगानी थपिएको बताइन्छ।

नियमित अन्तर्राष्ट्रिय उडानका लागि पहल गर्न प्रेदश सरकार, पोखरा महानगरपालिका, पर्यटन व्यवसायीलगायतले पटक-पटक सङ्घ सरकारसमक्ष आग्रह गरेपनि हालसम्म कुनै परिणाम निस्कन सकेको छैन । मङ्गलबार मात्र प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट गरी गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालसहितको टोलीले सोही आग्रह गरेको थियो। उक्त अवसरमा प्रधानमन्त्री ओलीले पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्न आवश्यक रहेको र सोका लागि पहल गर्ने बताउनुभएको मन्त्री बस्यालले जानकारी दिनुभयो।

“प्रदेश सरकारका तर्फबाट प्रधानमन्त्रीज्यू र नागरिक उड्डयन प्राधिकरणका पदाधिकारीसमक्ष अन्तर्राष्ट्रिय उडान सञ्चालनका सम्बन्धमा ज्ञापनपत्र बुझाएका छौं”, उहाँले भन्नुभयो, “दुवै पक्षबाट पोखरा विमानस्थललाई पूर्ण रुपमा सञ्चालन गर्न आवश्यक पहल र तयारी गर्ने प्रतिबद्धता आएको छ, छिट्टै पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान हुनेमा हामी आशावादी छौं ।” मन्त्री बस्यालले सङ्घ सरकारले कुटनीतिक पहलमार्फत विभिन्न देशमा अन्तर्राष्ट्रिय उडान हुने वातावरण निर्माण गर्नुपर्ने बताउनुभयो।

“विमानस्थल उद्घाटन भएको पनि दुई वर्ष बित्न लाग्यो, नियमित अन्तर्राष्ट्रिय उडान सुरु नहुँदा विभिन्न प्रश्नहरु उब्जेका छन्, नागरिकमा पनि गुनासो बढ्दो छ”, उहाँले भन्नुभयो, “ऋणमा बनेको विमानस्थल भएकाले पूर्ण रुपमा सञ्चालनमा नआउँदा राज्यले उल्टो घाटा व्यहोरीरहनुपरेको छ, केही प्राविधिक समस्याहरु छन् भनेपनि तिनलाई तत्काल समाधान गरेर अन्तर्राष्ट्रिय उडानको वातावरण बनाउनुपर्छ।”

नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष आनन्दराज मुल्मीले विमानस्थल बनाउने ५० वर्षदेखिको पोखरेलीको सपना पूरा भएपनि अन्तर्राष्ट्रिय उडान हुन नसक्नु दुःखद् भएको बताउनुभयो। सरकारले शीघ्र कुटनीतिक पहल सुरु गरेर अन्तरदेशीय उडान सुरु गर्नुपर्ने उहाँको भनाइ छ। अन्तर्राष्ट्रिय उडान नहुँदा विमानस्थलबारे अनेक टिकाटिप्पणी हुन थालेको भन्दै उहाँले विमानस्थल पूर्ण सञ्चालनमा ढिलाइ गर्न नहुने बताउनुभयो।

पोखराबाट अन्तर्राष्ट्रिय उडान नभएसम्म पर्यटकीय राजधानीका रुपमा पोखराले यथोचित लाभ लिन नसक्ने उहाँको भनाइ छ । पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान राष्ट्रिय ध्वजावहाक नेपाल एयरलाइन्सबाट सुरु गर्नुपर्ने उहाँले बताउनुभयो । सरकारको नीति अनुसार उचित सहुलियत (प्याकेज) घोषणा गरी पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान सुरु गर्नुपर्ने पर्यटन व्यवसायीको माग छ। पर्यटन व्यवसायी एवं पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले अन्तर्राष्ट्रिय उडान नहुँदा विमानस्थललाई हेरेर लगानी गरेका पर्यटन व्यवसायीसमेत मारमा परेको बताउनुभयो। “पोखराको पर्यटन क्षेत्रमा करिब छ खर्बको लगानी रहेको अनुमान छ, अहिले पनि तारे होटल धमाधम बनिरहेका छन्, विमानस्थललाई हेरेर लगानी गरेका होटल व्यवसायी अहिले समस्यामा छन्”, उहाँले भन्नुभयो, “सरकारले जतिसक्दो चाँडो पोखराबाट नियमित अन्तराष्ट्रिय उडान सञ्चालन गरोस् भन्ने हाम्रो माग छ।”

पोखरा र सिङ्गो गण्डकी प्रदेशको समृद्धिको आधार मानिएको पोखरा अन्तराष्ट्रिय विमानस्थललाई पूर्ण रुपमा सञ्चालनमा ल्याउन सके पर्यटकीय राजधानी पोखराले पर्यटनमा ठूलो फड्को मार्ने उहाँले बताउनुभयो।रासस


## पुराना सामानहरू लिलाम बिक्री सम्बन्धमा सूचना

**सूचना प्रकाशित मितिः २०८१/०८/०६ गते**

यस आयोजनाले प्रयोगमा ल्याउन नसकिने तपशिलमा उल्लेखित सामानहरु जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्नु परेकोले ईच्छुक व्यक्ति वा फर्मले खरिद गर्न सक्ने दर रेट उल्लेख गरी गोप्य खामबन्दी निवेदन सहित फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र वा व्यक्ति भए पान दर्ता प्रमाणपत्र सहित ७ दिन भित्रमा यस आयोजनामा पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। थप कुरा बुझ्नुपरेमा कार्यालय समय भित्र आयोजनामा सम्पर्क गर्नुहुन अनुरोध छ।

**पुरानो सामानहरूको लिलाम विवरणः**

पोलिथिन फिल्मका टुक्राहरु, फलामका टुक्राहरु, प्लाष्टिक क्रेट/जारहरु, टायरहरु, दही बट्टा तथा कपहरु, टिन, ग्यास सिलिण्डर

दुग्ध विकास संस्थान
जनकपुर दुग्ध वितरण आयोजना
ढल्केवर, धनुषा
फोन नं. ०४१-५६०१९५, ०४१-५६००२०, ९८४५६६०८८०

# कृषिलाई प्रविधिमैत्री बनाउनुपर्छ : मन्त्री क्षेत्री

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री जनार्दनसिंह क्षेत्रीले मधेशको कृषि क्षेत्रलाई प्रविधिमैत्री बनाउनुपर्ने जोड दिएका छन् । राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठानद्वारा आयोजित दुईदिने प्रदेशस्तरीय प्रविधि हस्तान्तरण कार्यक्रममा उनले यस्तो धारणा राखेका हुन् ।



मन्त्री क्षेत्रीले मधेशको कृषि क्षेत्रलाई उकासेर सकारात्मक परिणाम ल्याउन अनुसन्धान खाँचो रहेको बताए। उनले प्रविधिको युगमा कृषिलाई पनि प्रविधिमैत्री बनाउन सके यस क्षेत्रमा फड्को मार्न सकिने र यहाँका किसानलाई कृषि कार्यमा सहज हुने बताए। कृषिमन्त्री सिंहले कृषि क्षेत्रलाई बलियो बनाउन अनुसन्धान आवश्यक भएकाले अनुसन्धान गर्ने विषय स्पष्ट हुन जरुरी रहेको प्रसंग उल्लेख गरे। उनले अनुसन्धान नभएका कारण केही प्रदेशका कृषि योजना असफल भएको उदाहरण दिँदै मधेशको कृषि क्षेत्रलाई उकास्न आगामी आर्थिक वर्षमा आवश्यक बजेट विनियोजन गर्ने प्रतिबद्धता समेत जनाए।

पशुपन्छी विकास तथा मत्स्य विकास निर्देशनालय मधेशका निर्देशक जागेश्वर यादवले अनुसन्धान बिना कृषि क्षेत्रको विकास असम्भव रहेको दाबी गरे। मधेशमा प्रविधिमैत्री र किसानमैत्री कुनै कार्यक्रम नरहेको बताउदै उनले तीनै तहको सरकार र कृषि क्षेत्रमा काम गर्ने संस्थाले एकअर्काको संवाहकका रूपमा काम गर्न आवश्यक रहेको बताए।

प्रदेश दुग्ध विकास बोर्ड मधेशका उपाध्यक्ष शम्भुनारायण शाहले नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) मा भएका अनुसन्धान प्रदेश र प्रदेशले स्थानीय तहसम्म पु-याउने व्यवस्था मिलाउन आग्रह समेत गरे।

कार्यक्रमका सभापति तथा राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठानका निर्देशक डा. नीना अमात्य गोर्खालीले मधेशलाई प्राथमिकतामा राखेर गत वर्ष स्थानीय तह र यस वर्ष प्रदेशस्तरीय कार्यक्रमको आयोजना गरेको उल्लेख गरे। उनले कृषि अनुसन्धानमा राखेको बजेट पर्याप्त नभएको बताउदै सरकारले कृषि क्षेत्रको विकास उकास्न कृषि अनुसन्धानका लागि पर्याप्त बजेट विनियोजन गर्न आवश्यक रहेको विचार व्यक्त गरे।

मधेश प्रदेशका आठवटै जिल्लाका पशु विज्ञान र मत्स्य विकासका विज्ञको सहभागितामा नार्कले विकास गरेका पशु तथा मत्स्यसम्बन्धी आधुनिक नवीनतम प्रविधिमा अन्तर्क्रिया गरिएको थियो।

सहभागीले कृषि प्रविधिसँग आफूहरूलाई जोड्न आग्रह समेत गरेका थिए। कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. विनयकुमार कर्ण, कृषि अनुसन्धान निर्देशनालय मधेशका निर्देशक विश्वेश्वरप्रसाद यादव, राष्ट्रिय धानबाली अनुसन्धानका निमित्त संयोजक पल्लवी सिंहसहितको उपस्थिति रहेको थियो।

# पूर्वअस्थायी र करार कर्मचारीद्वारा मुख्यमन्त्री सिंहलाई ज्ञापन

उनीहरुले साविक स्थानीय निकाय (जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिका कार्यालय) मा विभिन्न पदमा अस्थायी, करार सेवामा कार्यरत रहेका कर्मचारीहरुको आन्तरिक प्रतिस्पर्धाबाट स्थायी पदपूर्ति हुनुपर्ने प्रदेश सरकारसँग माग गरेका छन् ।

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्वअस्थायी र करार कर्मचारी संघर्ष समितिले मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहलाई ज्ञापन पत्र बुझाएका छन् ।



संघर्ष समितिका संयोजक मनोज कुमार यादवको नेतृत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेका कर्मचारीहरुले मुख्यमन्त्री सिंहलाई ज्ञापन पत्र बुझाएका हुन् । उनीहरुले साविक स्थानीय निकाय (जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिका कार्यालय) मा विभिन्न पदमा अस्थायी, करार सेवामा कार्यरत रहेका कर्मचारीहरुको आन्तरिक प्रतिस्पर्धाबाट स्थायी पदपूर्ति हुनुपर्ने प्रदेश सरकारसँग माग गरेका छन् ।

मधेश प्रदेश सभाबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा (१२) को उपदफा (४) मा स्थानीय तहमा कर्मचारी समायोजन हुँदा स्वीकृत स्थायी दरबन्दीमा पूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी र करार नियुक्ती भई स्थानीय सरकार संचालन ऐन, २०७४ प्रारम्भ हुँदाका बखतसम्म सेवामा तोकिएको बेलामा अविछिन्न रुपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सरकारी सेवामा अस्थायी र करार कर्मचारीहरुलाई यो ऐन प्रारम्भ नएपछि प्रदेश लोकसेवा आयोगबाट लिईने परीक्षामा एक पटकका लागि त्यस्ता कर्मचारीहरुलाई उमेरको हद नलाग्ने गरी सहभागी हुन पाउने गरी विज्ञापन प्रकाशन गरिने व्यवस्था रहेकोमा संसोधन गरी सोही अनुसारको व्यवस्था गरिदिन ज्ञापन पत्रमार्फत माग गरिएको छ ।

बागमती प्रदेशमा २०७९ सालको ऐनको दफा (८) को उपदफा ३ मा समेत सो व्यवस्था भएको र कोशी प्रदेशको २०८० ऐनको दफा (१६) को उपदफा (३) मा समेत प्रदेश लोकसेवा आयोगले विज्ञापन गरी सिमित प्रतिस्पर्धाबाट स्थायी पदपुर्ति गरिने व्यवस्था गेरकोले मधेश प्रदेशमा पनि सोही अनुसार गरिदिन प्रदेश सरकारसँग माग गरिएको छ।

संयोजक यादवले साविकको जिल्ला कृषि कार्यालय र जिल्ला पशु सेवा कार्यालयबाट एक गाउँ एक कृषि तथा पशु सेवा प्राविधिक साविकको गाउँ विकास समितिमा नियुक्ति भई हालको स्थानिय तहमा समायोजन हुँदाको बखत एक गाउँ एक प्राविधिक स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को समायोजन भई कामकाज गरिँदै आएकोले सम्पूर्ण कर्मचारीहरुलाई एक पटकको लागि स्वतः स्थायी गरी पाऊँ भन्दै माग गरेका छन्।

# ‘बर्थिङ सेन्टर’मा बिचल्ली

**टुडे सामचारदाता**

मलंगवा । सर्लाहीको हरिपुर्वा नगरपालिका-१ की १८ वर्षीया बबिता पासवानलाई गत कात्तिक ३० साँझ एक्कासि सुत्केरी बेथाले च्याप्यो । उनलाई श्रीमान् अरुण पासवानले हतारहतार गाउँमा रहेको बर्थिङ सेन्टर पुर्‍याए । बबिताको पहिलो बच्चा जन्मदै थियो । उनले सोही बर्थिङ सेन्टरमा नियमित गर्भ परीक्षण गराएका थिए ।



स्वास्थ्यकर्मीहरुको नियमित निगरानीमा बच्चा र आमा स्वस्थ रहेकाले बच्चा सामान्य ढङ्गले जन्मिन्छ भनेपछि बबिताका श्रीमान् अरुण पनि ढुक्क थिए । बबितालाई दुई घण्टामै परिवारले बर्थिङ सेन्टर पुर्‍याएका थिए । बर्थिङ सेन्टर पुगेको १० मिनेटपछिनै उनको बच्चा जन्मियो । सामान्य ढङ्गले बच्चा जन्मिए पनि बच्चा ठूलो भएकाले योनीमा चोट अर्थात् ‘भजाइन् टियरिङ’ भयो । त्यसपछि बर्थिङ सेन्टरमा कार्यरत स्वास्थ्यकर्मी र बिमारीका आफन्तलाई आपत् आइलाग्यो । सुविधासम्पन्न भनेर ल्याएको बर्थिङ सेन्टरमा सामान्य घाउ सिउनका लागि आवश्यक सियो (क्याटगड) समेत थिएन । उपचारमा खटिएकी स्वास्थ्यकर्मीले कतै मेडिकलबाट किनेर तत्काल ल्याउनु भन्दै आवश्यक सामानको सूची बबिताको श्रीमानको हातमा राखिदिइन् तर मध्यरातमा कुनै उपाय थिएन ।

यता बबिताको रगत बग्दै शय्यामा छटपटाई रहेकी थिईन् । स्वास्थ्यकर्मीले बबितालाई ढाडस दिँदै आफूले सिकेको अनेक उपाय लगाएर रगत रोक्ने प्रयास गरिरहेको बताउदै थिइन् । भोलिपल्ट बर्थिङ सेन्टर नजिकैको मेडिकल खुलेपछि औषधि र सामान ल्याएर उपचार गरियो । बबिता जस्तै हरिपूर्वा नगरपालिका-६ की १९ वर्षीया रेजिना कार्कीलाई पनि गत कात्तिक १२ गते सुत्केरी व्यथा लाग्यो । परिवारले तत्काल बर्थिङ सेन्टर पुऱ्याएको केही समयमै सामान्य हिसाबले बच्चा जन्मियो । तर,बच्चा जन्मने क्रममा रेजिनाको पनि भजाइन टेयरिङ भएर रक्तस्राव भयो ।

बर्थिङ सेन्टरमा सामान्य उपचारको सामानसमेत नभएपछि उनको परिवारले पनि हातमा औषधिको सूची लिएर रातभर हारगुहार गरिरहे । तर, कुनै उपाय नलागेपछि बबिताले जस्तै रेजिनाले पनि जोखिमपूर्ण ढङ्गले भोलिपल्ट बिहान हुने पर्खाइमा पीडा सहेर बस्नुपरेको थियो । सामान्य उपकरण र औषधि नहुँदा बर्थिङ सेन्टर आउने बबिता र रेजिना जस्ता आमा र नवजात शिशुको ज्यान जोखिममा रहेको छ । सुविधा सम्पन्न भनिएको बर्थिङ सेन्टरमा सुत्केरी गराउन आउने गर्भवतीका आफन्तले आवश्यक पानीदेखि सियो धागो र स्वास्थ्यकर्मीको लागि पञ्जासम्म आफैँले किनेर ल्याउनुपर्ने बाध्यता रहेको रेजिनाका श्रीमान् अवधेशकुमार यादव बताए ।

सामान्य एउटा कोठालाई बीचमा बारेर दुई कोठा बनाएर बर्थिङ सेन्टर सञ्चालन गरिएको छ । रातको समयमा बिजुली गएको समयमा मोबाइलको बत्ती बालेर सेवा दिनुपर्ने बाध्यता रहेको स्वास्थ्यकर्मीको भनाइ छ। स्वास्थ्य चौकीका प्रमुख उमेशकुमार यादव नगरपालिकाबाट आवश्यक बजेट विनियोजन नहुँदा सेवा प्रवाहमा समस्या रहेको बताए । स्वास्थ्य चौकीमासमेत सरकारले निर्णय गरेको निःशुल्क वितरण गर्नुपर्ने १०/१५ प्रकारको औषधि सधैं अभाव हुने गरेको उनको भनाइ छ।

अहिले चिसो समयमा धेरै रुघा, खोकी र ज्वरोका समस्या भएका बिमारी आउने गर्छन् तर आवश्यक औषधि नहुँदा बिमारी यसै फर्केर जाने गरेका छन् । एक गैरसरकारी संस्थाले केही उपकरण उपलब्ध गराएपछि पाँच वर्षअघि सुरु भएको बर्थिङ सेन्टरका अधिकांश उपकरण अहिले काम नलाग्ने भइसकेको छ। नियमित मर्मत नहुँदा बच्चालाई तातो बनाउने (बेबी वार्मर), पानी तताउने भाँडो काम नलाग्ने भएको छ।

यता हरिपूर्वा नगरपालिकाका प्रमुख विनोदकुमार साहले सबै नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा पाइरहेको बताए । नगरका स्वास्थ्य चौकीहरुमा नियमित रुपमा निःशुल्क औषधि वितरण भइरहेको भन्दै तत्काल थप बुझेर समस्या समाधान गरिने बताए । नगर अस्पताल सञ्चालनको तयारी गरिएको उनले जानकारी दिए।

# शैक्षिक अवस्था सुधारका लागि सक्रियता




**टुडे समाचारदाता**

राजविराज। सप्तरीको विष्णुपुर गाउँपालिका अन्तरगत सामुदायिक विद्यालयहरुको शैक्षिकस्तर उकास्न तथा शैक्षिक अवस्थामा सुधारका लागि गाउँपालिकाले सकृयता देखाएको छ।

यस क्रममा शैक्षिक अवस्था सुधारका लागि विभिन्न आठ बुंदे निर्णय गरिएको गाउँपालिकाले जनाएको छ। शिक्षामा आमूल परिवर्तन र सुधार ल्याउने प्रतिबद्धता बमोजिम कक्षाकोठामा मोबाईल लिएर प्रवेश निषेधदेखि पूर्व जानकारी बिना अनुपस्थित रहने शिक्षक र विद्यालय कर्मचारीको तलब कट्टा गरिने सम्मको निर्णय गरिएको गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवले जानकारी दिए।

यस्तै तोकिएको समयमा विद्यालयमा उपस्थित भई निर्धारित समयसम्म बस्नु पर्ने, आफूले पढाउने विषयको पाठ योजना निर्माण गरी आउनु पर्ने, तोकिएको जिम्मेवारी समयमा पूरा गर्नू पर्ने लगायतका आठ बुदे निर्णय गरिएको प्रमुख प्रशासकीय अधिकृत शन्त कुमार मण्डलले बताए। उक्त निर्णय कार्यान्वयन गर्ने/गराउने पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत मातहतका सबै विद्यालयमा परिपत्र गरिसकेको उनको भनाई छ।

शैक्षिक अवस्था सुधारका लागि गरिएको यस्तो निर्णय प्रभावकारी ढंगले कार्यान्वयन भए/नभएको बुझ्न समय समयमा छड्के अनुगमन समेत गरिने पालिकाका अध्यक्ष यादवले बताए। सामुदायिक विद्यालयको शैक्षिक अवस्थालाई गुणस्तरीय र विश्वसनीय बनाउन यस्तो योजना ल्याइएको सो पालिकाले जनाएको छ।

उक्त पालिका भित्र ५ मावि र १३ आधारभूत विद्यालय रहेका छन्। जसमा १ सय ७५ शिक्षक समेत गरी २ सय जना कर्मचारी कार्यरत छन्।

# वीरगञ्जका होटलहरुको वर्गीकरण

**टुडे समाचारदाता**

वीरगञ्ज। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामले वीरगञ्जका होटलहरुको वर्गीकरण तथा लोगो नवीकरण कार्य शुरु गरेको छ।



कार्यालयले वीरगञ्जका विभिन्न होटलहरुको भान्साको सरसफाइ , खाद्यजन्य पदार्थहरुको भण्डारण गर्ने विधि र कोल्डचेन प्रविधि लगायतको अनुगमन गरी खाद्य स्वच्छता स्तरको आधारमा विभिन्न होटलहरुको स्तर निर्धारण गरी वर्गीकरण शुरु गरेको हो।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामको संयोजन एवम खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वीरगञ्जका खाद्य अनुसन्धान अधिकृत सुरेश कुमार सिंह नेतृत्वको अनुगमन टोलीले वीरगञ्जका दस वटा होटलहरुको अनुगमन गरेको थियो ।अनुगमन गरिएका सबै होटलहरुको भान्सा , भण्डारण गरिएको खाद्यजन्य बस्तुहरुको चेकजाँच गर्नुको साथै टेस्टो मिटरद्वारा भन्सामा प्रयोग गरिएका तेलको गुणस्तर समेत जाँच गरिएको खाद्य अनुसन्धान अधिकृत सुरेस कुमार सिंहले बताए।

अनुगमन गरिएका दस होटलहरु मध्ये सरोबर प्रोटिक होटल , होटल दियालो र भिस्वा होटल गरी तीनवटा होटलहरुलाइ खाद्य स्वच्छताको आधारमा अति उत्तम (३ स्टार) प्रमाणीकरण गरी लोगो बितरण एवम नवीकरण गरिएको अनुगमन टोली संयोजन सदस्य एवम् होटल तथा पर्यटन व्यवसायी संघ पर्साका अध्यक्ष हरि पन्तले बताए।

सो क्रममा पन्तले लोगो वितरणमा कुनै पनि होटलहरुलाई पक्षपात हुन नहुने र त्यसो नगरिने प्रतिबद्धता समेत जनाए । उनले वीरगञ्जका सबै होटलहरुलाई खाद्य स्वच्छता अभियानमा सरिक भएर उपभोक्तालाई स्वच्छ र हाइजेनिक फूड र परिकारहरु पस्कन अनुरोध समेत गरे।

टोलीले खाद्य स्वच्छताको आधारमा होटल पुजन ,होटल मकालु र अनमोल स्वीटलाइ उत्तममा वर्गीकरण गरेर २ स्टारको लोगो बितरण गरिएको थियो। त्यसै गरि कन्ट्री इन होटल प्रा लि र कैलाश होटल र मेजवान होटललाई १ स्टारको लोगो दिइएको थियो भने डिलाइट गो रेस्टुरेन्टलाई सामन्यको सन्केत दिएर केहि सुधारको निर्देशन समेत दिइएको थियो।

यसै क्रममा अनुगमन टोलीले होटलका संचालकहरु लाई खाद्य स्वच्छता प्रतिबद्धता पत्रमा सही गराएर हस्तान्तरण गरेको थियो । अनुगमन टोलीमा बाणिज्य कार्यालय वीरगञ्जका सुनिल चौरसिया, वीरगञ्ज उद्योग बाणिज्य संघका मनोज कुमार दास, वीरगञ्ज महानगरका प्रतिनिधि बिभा मिश्र जिल्ला प्रशासन कार्यालय पर्सा र जिल्ला प्रहरी कार्यालयका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।




## बालविवाह मुक्त समाज निर्माण गरौं

- बालविवाह सामाजिक र कानूनी अपराध हो,
- बालविवाह गर्ने, गराउने कार्य कानून बमोजिम दण्डनीय हो,
- तोकेको उमेर नपुगी भएको विवाह स्वतः बदर हुने कानूनी व्यवस्था छ,

त्यसैले,

- बीस वर्ष नपुगी विवाह नगरौं, नगराऔं,
- बालविवाहको विरुद्धमा सबै जुटौं,
- दोषीलाई कानूनको दायरामा ल्याऔं,
- बालविवाह मुक्त समाजको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८